शोध-संक्षेप

अंक ३८ असार २०८०

# किन बनेन (संघीय) शिक्षा ऐन ?

मार्टिन चौतारी

# किन बनेन (संघीय) शिक्षा ऐन ?

मार्टिन चौतारी

**किन बनेन (संघीय) शिक्षा ऐन ?**

पहिलो संस्करण : २०८० (सन् २०२३)

Preferred citation
मार्टिन चौतारी । २०८० । *किन बनेन (संघीय) शिक्षा ऐन ?* शोध-संक्षेप ३८ ।
काठमाडौँ : मार्टिन चौतारी ।

*प्रकाशक*
मार्टिन चौतारी
२७ जीतजंग मार्ग, थापाथली
पो.बक्स नं. १३४७०
फोन +९७७-१-५३३८०५०/४१०२०२७
chautari@mos.com.np
www.martinchautari.org.np

## पृष्ठभूमि

असोज २०७२ मा नेपालले आफ्नो सातौँ संविधान बनायो । यसअघिका संविधानभन्दा यो नयाँ संविधान दुई कारणले भिन्न छ । पहिलो, जननिर्वाचित प्रतिनिधिहरूले संविधानसभा मार्फत यो संविधान बनाएका थिए । दोस्रो, यसले नेपाललाई गणतान्त्रिक मुलुक बनाउनुका अतिरिक्त एकात्मक राज्यप्रणालीबाट संघीय प्रणालीमा समेत रूपान्तरण गऱ्यो । संघीय प्रणालीमा मुलुकलाई लैजाँदा यसअघि केन्द्रीय सरकार मातहत रहँदै आएका कतिपय हक-अधिकार स्थानीय र प्रदेश सरकारमा बाँडिन पुगेका छन् । यसरी नयाँ प्रणालीमा जाँदा पुराना ऐन-कानूनहरू पूर्ण रूपमा क्रियान्वित हुन सक्दैनन् किनभने ती संविधानमा गरिएका व्यवस्थासँग बाझिन्छन् । त्यसैले, प्रायः नयाँ संविधान निर्माण गरिँदा नयाँ प्रावधानसँग बाझिने कानूनहरू बाझिएका हदसम्म निष्क्रिय हुनेछ भनेर उल्लेख गरिएको हुन्छ । साथै, नयाँ संविधान बनिसकेपछि आवश्यक नयाँ कानून निर्माण गरिन्छन् भने बाझिने कानूनलाई संशोधन गरेर "हार्मोनाइज" गरिन्छ ।

नेपालको नयाँ संविधानको पहिलो दफामा "यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ" उल्लेख छ । दफा ४७ मा खास गरी "मौलिक हक" हरूको कार्यान्वयनका लागि संविधान लागु भएको तीन वर्ष (असोज ३, २०७५) भित्र आवश्यक कानूनी व्यवस्था गरिने छ भनिएको छ । त्यस्तै, धारा ३०४ (१) मा "यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछन् । तर यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसद्को पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने" उल्लेख छ (हेर्नुहोस्, नेपाल सरकार २०७२) । साथै, संघीय संविधान कार्यान्वयनका लागि स्थानीय, प्रादेशिक र संघीय सरकार र संसद्को निर्वाचन तथा गठन गर्नका लागि तथा अन्य विभिन्न ऐन-कानून-नियम निर्माण (जस्तै विभिन्न आयोग सम्बन्धी, र संविधानमै मिति किटान गरिएका) गरिनु पर्ने थिए । यी संवैधानिक प्रावधान अनुरूप आजभन्दा करिब पाँच वर्षअघि नै मौलिक हकसँग सम्बन्धित ऐन-कानून बनिसक्नु पर्ने थियो । अन्य कानूनका हकमा फागुन २१, २०७५ यता (नयाँ संविधान अनुरूपको पहिलो संघीय संसद्को बैठक फागुन

२१, २०७४ मा बसेकाले) सबै कानून सिद्धान्ततः संविधानसँग नबाझिने भइसके भनेर मान्नुपर्छ ।

यी संवैधानिक र राजनीतिक बाध्यताका कारण संविधान जारी हुनुपूर्व बनेका करिब ३१५ कानूनहरूको पुनरावलोकन र करिब २७० नियमावलीहरूलाई संविधान अनुरूप बनाउनु पर्ने थियो । नेपाल सरकारको कानून मन्त्रालयले गरेको अध्ययन अनुसार १७० ओटा ऐनलाई "केही नेपाल ऐन संशोधन गर्ने ऐन" बाट सामान्य संशोधन गरे पुग्ने, ४० ओटा ऐनका हकमा संशोधनको बेग्लै मस्यौदा बनाउनुपर्ने र १९ ओटा ऐनहरूलाई प्रतिस्थापन गर्ने विधेयकबाट संशोधन परिमार्जन वा सुधार गर्नुपर्ने देखाएको थियो (कानून, न्याय तथा संसदीय मन्त्रालय २०७३) ।

शासन-व्यवस्था लगायत अन्य विभिन्न क्षेत्र सँगसँगै शिक्षा क्षेत्रमा पनि नयाँ संवैधानिक प्रावधानले खास गरी त्यसको "गभर्नेन्स" प्रक्रियामा ठूलै परिवर्तन ल्याएको थियो । हिजोसम्म केन्द्रीय सरकार मातहत रहेको विद्यालयीय शिक्षा सम्बन्धी अधिकार नयाँ संविधानको अनुसूची-८ ले स्थानीय सरकार अन्तर्गत रहने व्यवस्था गऱ्यो (हेर्नुहोस्, नेपाल सरकार २०७२) । यसले शिक्षा क्षेत्रमा ठूलै हडकम्प समेत मच्चियो । केहीले यो प्रावधानको स्वागत गरे भने खास गरी शिक्षक समुदायबाट विद्यालयीय शिक्षालाई स्थानीय सरकार मातहत ल्याउने प्रावधानको ठूलो विरोध भयो; उनीहरूले संविधान संशोधन गरी पुरानै व्यवस्था कायम राख्न माग गरे (हेर्नुहोस्, पराजुली, उप्रेती र गुरुङ २०७६) । समर्थन वा विरोध जे भए पनि, यो नयाँ संवैधानिक अधिकार प्रत्यायोजनलाई व्यवस्थित गर्न नयाँ शिक्षा ऐनको आवश्यकता भएको धेरैको मत रह्यो । खास गरी शिक्षक, परीक्षा, पाठ्यक्रम, आदि व्यवस्थापनका लागि नयाँ ऐन आवश्यक ठानियो ।

यसबीच विद्यमान शिक्षा ऐन (२०२८) मा दुई ओटा संशोधन गरिए—आठौँ संशोधन असार १५, २०७३ मा र नवौँ संशोधन कात्तिक ६, २०७४ मा । अघिल्लो संशोधन हुँदा मुलुकमा स्थानीय सरकारहरूको गठन नभइसके तापनि पछिल्लो संशोधन हुने बखत स्थानीय सरकारहरू गठन भइसकेका थिए । यद्यपि, संघीय व्यवस्थापिकाको निर्वाचन भइसकेको थिएन, र सो निर्वाचनको मुखैमा हतार-हतार शिक्षा ऐनमा नवौँ संशोधन गरिएको थियो । शिक्षा ऐनमा गरिएका यी दुवै संशोधन नयाँ संवैधानिक प्रावधानलाई क्रियान्वयन गर्न, सहजीकरण गर्न गरिएका

देखिएनन् । यीबाहेक, शिक्षा सम्बन्धी अर्का दुई ऐन यसबीच नेपाली राज्यले बनायो । पहिलो, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र दोस्रो, शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७७ ।

नेपालको संविधानमा व्यवस्था गरिएको शिक्षा सम्बन्धी मौलिक हक (धारा ३१) कार्यान्वयन गर्न सघाउन अनिवार्य शिक्षा सम्बन्धी ऐन र सोसँग सम्बन्धित नियमावली (२०७७) तयार गरिएको देखिन्छ । अर्को ऐन चाहिँ उच्च शिक्षासँग सम्बन्धित देखिन्छ । नेपालका विभिन्न विश्वविद्यालयका ऐनलाई परिवर्तित राजनीतिक र संवैधानिक प्रावधान अनुरूप "हार्मोनाइज" गर्ने गरी ती विश्वविद्यालयका भिन्नाभिन्नै ऐनलाई शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७७ बाट एकमुष्ट संशोधन गरिएको हो । शिक्षा सम्बन्धी यी विभिन्न संशोधित र नयाँ ऐनले संविधानको अनुसूची-८ मा व्यवस्था भए बमोजिमको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखी व्यवस्थित गर्न सकेका छैनन् ।

शिक्षासँग प्रत्यक्ष असम्बन्धित भए पनि २०७४ सालमा नेपाल सरकारले निर्माण गरी कार्यान्वयनमा लगेको अर्को एक कानूनले बरु सो संवैधानिक प्रावधानलाई केही हदसम्म व्यवहृत गर्न खोज्यो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन/व्यवस्थापन स्थानीय सरकार मातहत राख्दै स्थानीय तहमा शिक्षा नीति, ऐन-नियम बनाउनेदेखि लिएर विद्यालय सञ्चालन, नियमन, अनुगमन र शिक्षक/कर्मचारीको दरबन्दी मिलान जस्ता अधिकार स्थानीय सरकारलाई दियो (नेपाल सरकार २०७४) ।[१] संविधान र स्थानीय सरकार सञ्चालन ऐनले तोके बमोजिम मंसिर २०७४ पछि कतिपय स्थानीय सरकारले विद्यालय शिक्षा सम्बन्धी ऐन, नियम निर्माण गरी कार्यान्वयनमा लगे । तर, राष्ट्रिय शिक्षा ऐन, २०२८ यथावतै रहेकाले अहिले विद्यालय शिक्षा क्षेत्रलाई "गभर्न" गर्ने दुई ऐन (शिक्षा ऐन, २०२८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४) का विभिन्न प्रावधान (कतिपय अवस्थामा आपसमा विरोधी) हरू एकैसाथ क्रियाशील/आकर्षित भइरहेका छन् ।[२] यसले विद्यालय शिक्षाको "गभर्नेन्स" प्रक्रियालाई जटिल बनाएको छ ।

[१] हेर्नुहोस्, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ११ (ज) ।

[२] कानूनविद् राधेश्याम अधिकारीसँग जेठ २२, २०८० मा गरिएको कुराकानी ।

थप, संघमा शिक्षा ऐन नबन्दा प्रादेशिक शिक्षा ऐनहरू समेत रोकिएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (यसपछि शिक्षा मन्त्रालय) को अनुरोधमा संघीय मामिला मन्त्रालयले फागुन १२, २०७५ मा स्थानीय सरकारका नाममा एक निर्देशात्मक परिपत्र जारी गर्दै शिक्षा सम्बन्धी अधिकार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची (अनुसूची-९) मा समेत भएकोले संघीय सरकारसँगको समन्वयमा मात्र स्थानीय सरकारलाई शिक्षा ऐन-नियम निर्माण गर्न भन्यो (मिश्र २०७५) ।[३] संविधानको अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन अनुरूप आ-आफ्ना निकायमा शिक्षा ऐन निर्माण गर्न र कार्यान्वयनमा लानबाट सो (गैर-संवैधानिक/-कानूनी) परिपत्रले कुनै हिसाबले नरोक्ने भए तापनि शिक्षा प्राथमिकतामा नपरेकाले विभिन्न स्थानीय सरकारले शिक्षा सम्बन्धी ऐन-नियम बनाउने प्रक्रिया अगाडि बढाएनन् ।[४] कतिपय पालिकाले बनाइसकेका ऐन-नियम समेत कार्यान्वयनमा ल्याएनन् ।[५] त्यसै गरी, (संघीय) शिक्षा ऐन नबन्दै स्थानीय सरकारहरूले शिक्षा ऐन-नियम बनाई कार्यान्वयन गरेको भन्दै शिक्षकहरूले उनीहरू विरुद्ध अदालतमा मुद्दा समेत दायर गरे (मार्टिन चौतारी २०७६क) । यी सबै कारणले पनि प्रदेश र स्थानीय सरकारमा समेत शिक्षा ऐन बनाउन र कार्यान्वयन गर्नमा अलमल छ ।

माथि चर्चा गरिए झैँ, विद्यालय शिक्षाबारे देखिएका यी अलमल र विवाद सम्बोधन गर्न पनि संघमा शिक्षा ऐन आउनु जरुरी देखियो । शिक्षामा प्रत्यक्ष

[३] हेर्नुहोस्, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले फागुन १२, २०७५ मा "स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारको प्रयोग सम्बन्धमा" स्थानीय तह सबैलाई जारी गरेको परिपत्र । प.सं. ०७५/०७६, च.नं: ३२९ ।

[४] २०७६ सालमा मार्टिन चौतारीले गरेको एक अध्ययन अनुसार ७५३ पालिकामध्ये ३३५ स्थानीय सरकारहरूले शिक्षा सम्बन्धी ऐन-नियम बनाएका थिए । यसरी शिक्षा ऐन-नियम बनाउनेमध्ये करिब ४६ प्रतिशतले पहिलो वर्ष (अर्थात २०७४ सालमा) र करिब आधाले त्यस पछिको वर्ष (२०७५ साल) मा शिक्षा सम्बन्धी ऐन-नियम बनाएका थिए । फागुन १२, २०७५ मा "स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारको प्रयोग सम्बन्धमा" स्थानीय तह सबैलाई जारी गरेको निर्देशात्मक परिपत्र पछि शिक्षा ऐन-नियम बनाउने काममा शैथिल्य आएको सो अध्ययनले देखाएको थियो (हेर्नुहोस्, मार्टिन चौतारी २०७६ख) ।

[५] हालसम्म शिक्षा ऐन-नियम नबनाउने पालिकाको संख्या कति छ र ऐन-नियम बनाए पनि कतिले यसको कार्यान्वयन गरेका छन् भन्ने तथ्यांक सार्वजनिक रूपमा कहीँ उपलब्ध छैन ।

सरोकार राख्ने समूह, विशेष गरी शिक्षक र तिनका संघ-संगठन, गाउँपालिका र नगरपालिकाका महासंघ, विद्यालय व्यवस्थापन समिति महासंघ, आदिले शिक्षा ऐन ल्याउनका लागि लामो समयदेखि "लबिङ" गरिरहेका छन् (अनलाइनखबर २०७८; कान्तिपुर २०७८ख; पौडेल २०८०)। त्यस्तै, "संघीय शिक्षा विधेयक यथाशक्य चाँडो संसद्मा पेस गर्न" संसदीय समितिले सरकारलाई बारम्बार निर्देशन दिएको पाइन्छ (काफ्ले २०७८; अन्नपूर्ण २०७८)। शिक्षामा सरोकार राख्ने अन्य संघ-संस्था, जनप्रतिनिधि र शिक्षाविद्हरूले समेत शिक्षा विधेयक अघि बढाउन दबाब दिँदै आएका छन् (थापा २०७९)।[६] संघमा शिक्षा ऐन निर्माणमा भएको विलम्बप्रति सार्वजनिक रूपमा सरकारको आलोचना समेत हुँदै आएको छ।[७]

नयाँ संविधान अनुरूप संघीय विधायिकाको निर्वाचन सम्पन्न भई सरकार बनेको पनि साढे पाँच वर्ष भइसक्यो। यो दौरान विभिन्न दलका नेतृत्वमा सरकारहरू समेत फेरबदल भइसके। यो अवधिमा शिक्षा ऐनका विभिन्न मस्यौदा बन्ने, सहमतिका लागि मस्यौदा कानून र अर्थ मन्त्रालय पुग्ने र सरकार परिवर्तन पश्चात् पुनः शिक्षा मन्त्रालयमै फर्कने भइरहेको छ (सेतोपाटी २०८०)। एक समाचारमा जनाइए अनुसार छ पटकसम्म मन्त्रालय र मन्त्रिपरिषद् पुगेर फर्किएको शिक्षा विधेयकका फरक-फरक मस्यौदाका चाङ अहिले शिक्षा मन्त्रालयमा भेटिन्छन् (कैनी २०८०)। तथापि, शिक्षा ऐन कहिले आउँछ भन्ने टुंगो अझै (असार २०८०) सम्म पनि भएको छैन।

(संघीय) शिक्षा ऐनको आवश्यकता र त्यसका लागि विभिन्न प्रयत्न भए पनि सो ऐन अझै निर्माण हुन नसक्नुका पछाडिका कारण यो शोध-संक्षेपमा केलाइएको छ। विद्यालय शिक्षाका सरोकारवाला—पूर्व शिक्षा मन्त्री, शिक्षक संघ-संगठनका प्रतिनिधि, शिक्षा मन्त्रालयका पदाधिकारी, स्थानीय सरकारका जनप्रतिनिधि, निजी शिक्षाका लगानीकर्ता र शिक्षा/कानूनविद्—हरूसँग गरिएका

[६] पछिल्लो पटक नेपाल विद्यार्थी संघले संघीय शिक्षा ऐन र उच्च शिक्षा ऐन पारित गर्न माग गर्दै जेठ ३१, २०८० मा संसद् भवन अगाडि प्रदर्शन गरेको थियो (आले २०८०)।

[७] संघीय शिक्षा ऐन ल्याउन ढिला भएको विषय वरिपरि विभिन्न सामग्री—समाचार, सम्पादकीय, लेख आदि—प्रकाशित भएको देखिन्छ (उदाहरणका लागि हेर्नुहोस्, धामी २०७८; अनलाइनखबर २०७९; कान्तिपुर २०७९; थापा २०७९; वली २०७९; घिमिरे सन् २०२२बी; कैनी २०८० आदि)।

कुराकानीका आधारमा यो शोध-संक्षेप तयार गरिएको छ। वैशाख-असार २०८० बीचका विभिन्न मितिमा यी कुराकानी गरिएका थिए। त्यसै गरी, ऐनबारे सरकारले शिक्षक महासंघसँग विभिन्न समयमा गरेका सहमति/सम्झौता र यसबारे सार्वजनिक रूपमा उपलब्ध अभिलेख—प्रेस विज्ञप्ति, सहमति/सम्झौता पत्र, निर्णय आदि—लाई समेत अध्ययन गरिएको छ। यसबाहेक, प्रस्तावित शिक्षा ऐनबारे २०७४ सालपछि विभिन्न पत्रपत्रिका र अनलाइन न्यूज पोर्टलमा प्रकाशित सामग्रीको समेत अध्ययन गरिएको छ। पृष्ठभूमि र निष्कर्ष बाहेक यो शोध-संक्षेपमा दुई मूल खण्ड छन्। पहिलो खण्डमा २०७४ सालयता शिक्षा ऐन बनाउन गरिएका राजनीतिक प्रतिबद्धता र प्रयत्नको सिलसिलेबार चर्चा गरिएको छ। शिक्षा ऐन ल्याउने घोषित राजनीतिक प्रतिबद्धता र प्रयत्न असफल हुनुका तीन मुख्य कारण दोस्रो खण्डमा केलाइएको छ।

## राजनीतिक प्रतिबद्धता र प्रयत्न

असोज २०७२ मा नयाँ संविधान बने यताका सात वर्षमा मुलुकले सातै जना शिक्षा मन्त्री बेहोरीसक्यो।[८] यी सबै शिक्षा मन्त्रीले (संघीय) शिक्षा ऐन ल्याउने घोषणा गरेका थिए/छन्। यद्यपि, उनीहरूमध्ये कसैले पनि संघीय शिक्षा ऐनको मस्यौदा संसद्मा छलफलका लागि दर्ता गर्नसम्म सकेको देखिएन। करिब तीन हप्ता मात्र शिक्षा मन्त्रालय सम्हालेका राष्ट्रिय स्वतन्त्र पार्टीका शिशिर खनाल र वर्तमान शिक्षा मन्त्री जनता समाजवादी पार्टीका अशोककुमार राईलाई छाड्ने हो भने यस अवधिमा शिक्षा मन्त्रालयको नेतृत्व नेपालका तीन प्रमुख राजनीतिक दल नेपाली काँग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी-केन्द्र) ले गरेका छन्।

जेठ २०७४ मा तात्कालिक शिक्षा मन्त्री गोपालमान श्रेष्ठले पहिलो पटक शिक्षा विधेयक बनाउने कार्य अगाडि बढाएका थिए। "शिक्षा मन्त्रालयले संघीय

[८] २०७२ को संविधान जारी भएपछि शिक्षा मन्त्रालयका सम्हालेका मन्त्रीहरू यस प्रकार छन् : गिरिराजमणि पोखरेल (कात्तिक २०७२ देखि), धनिराम पौडेल (मंसिर २०७३ देखि) गोपालमान श्रेष्ठ (जेठ २०७४ देखि), गिरिराजमणि पोखरेल (फागुन २०७४ देखि), कृष्णगोपाल श्रेष्ठ (पुस २०७७ देखि), देवेन्द्र पौडेल (असोज २०७८ देखि), शिशिर खानल (माघ २०७९ देखि) र अशोककुमार राई (चैत २०७९ देखि)।

शिक्षा ऐन बनाउन नेपाल कानून आयोगलाई मस्यौदाका लागि पत्राचार समेत गरेको" र "मस्यौदाको तयारीका लागि आयोगले शिक्षा मन्त्रालयबाट माग गरेको प्रतिनिधिसमेत खटाइसकेको" समाचार *नयाँ पत्रिका* दैनिकमा असार दोस्रो साता, २०७४ मा प्रकाशित भएको थियो (नयाँ पत्रिका २०७४) ।[९] सोही अनुरूप नेपाल कानून आयोगले शिक्षा विधेयक तयार पारी २०७५ को वैशाखमा शिक्षा मन्त्रालयमा पेश गऱ्यो ।

यसबीच २०७४ मंसिरमा संघीय संसद्को निर्वाचन भई एमालेका नेता केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनिसकेको थियो । सो सरकारमा गिरिराजमणि पोखरेल शिक्षा मन्त्री बने । चैत २, २०७४ मा पोखरेलले सार्वजनिक गरेको कार्य योजनामा "२०७५ असार सम्ममा संघीय शिक्षा विधेयकको मस्यौदा तयार पार्ने" उल्लेख थियो । तर आफ्नो घोषणा विपरीत उनी विधेयक अगाडि बनाउने कामलाई थाँती राख्दै "उच्चस्तरीय" शिक्षा आयोग बनाउनेतर्फ लागे (मकर श्रेष्ठ २०७६) । रोचक के छ भने, पोखरेलका पूर्ववर्ती श्रेष्ठको अध्यक्षतामा भदौ २०७४ मा ६५ सदस्यीय आयोग बनेर त्यसले आफ्नो प्रतिवेदनको मस्यौदा समेत तयार गरिसकेको थियो । तर, सो आयोग र मस्यौदालाई लावारिस छाडेर नयाँ सरकारले असार ३२, २०७५ मा शिक्षा मन्त्री पोखरेलको अध्यक्षतामा अर्को २५ सदस्यीय "उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग" बनायो । यसपछि आयोगको सुझावका आधारमा मात्र शिक्षा ऐन ल्याउने भन्दै नयाँ ऐन बनाउने कार्यलाई थाँती राखियो ।[१०]

करिब छ महिना लगाएर र डेढ करोड रुपियाँ खर्चेर माघ २०७५ मा आयोगले आफ्नो प्रतिवेदन प्रधानमन्त्री ओलीलाई बुझायो, तर सरकारले सो प्रतिवेदनको अपनत्व ग्रहण गर्नु त कताहो कता, सार्वजनिक समेत गरेन (श्याम श्रेष्ठ २०७६; पौडेल २०७८) । नाफामूलक (निजी) शिक्षण संस्थालाई एक दशकभित्र सेवामूलक बनाउने आयोगको सुझावप्रति तात्कालिक प्रधानमन्त्री केपी ओली असन्तुष्ट थिए । आयोगको प्रतिवेदनप्रति सरकारको मूल नेतृत्व नै नकारात्मक बनेपछि शिक्षा

[९] नेपाल कानून आयोगका तात्कालिक अध्यक्ष माधव प्रसाद पौडेलले पनि त्यतिबेला शिक्षा मन्त्रालयको अनुरोधमा संघीय शिक्षा ऐन र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनको मस्यौदा बनाएको बताएका थिए । पौडेलसँग जेठ २७, २०८० मा गरिएको कुराकानी ।

[१०] आयोगका सदस्य र आयोगको प्रतिवेदनका लागि उराशिआ (२०७७) हेर्नुहोस् ।

नीति-नियम बन्ने प्रक्रिया थप जटिल बन्यो ।[११] यसैबीच, शिक्षा मन्त्रालयले शिक्षा आयोगले दिएका सुझावका आधारमा विधेयकको मस्यौदा बनाई सहमतिका लागि अर्थ र कानून मन्त्रालयमा पठाएको थियो । यो प्रस्तावित विधेयकलाई अर्थ मन्त्रालयले सैद्धान्तिक स्वीकृति दिए पनि कानून मन्त्रालयले भने शिक्षा नीति बनेपछि मात्र ऐनको प्रक्रिया अगाडि बढाउनु उपयुक्त हुने भन्दै सो मस्यौदा शिक्षा मन्त्रालयमै फिर्ता पठायो (कैनी २०७६; काफ्ले २०७८) ।

शिक्षा आयोगको मूल प्रतिवेदन सार्वजनिक नभए पनि सोही प्रतिवेदनकै आधारमा भन्दै सरकारले कात्तिक १८, २०७६ मा "राष्ट्रिय शिक्षा नीति, २०७६" जारी गऱ्यो (नेपाल सरकार २०७६) । र, पोखरेलकै कार्यकालमा विद्यालय शिक्षा, उच्चशिक्षा र प्राविधिक तथा व्यावसायिक तालिमका तीन विधेयकका मस्यौदा तयार पारेर राय सुझावसहित सहमतिका लागि कानून मन्त्रालय पठाइयो । यी मस्यौदा लामो समयसम्म अर्थ र कानून मन्त्रालयमा यसै थन्किए (कैनी २०८०), अनि राजनीतिक खिचातानीका कारण पोखरेल सरकारबाट बाहिरिए ।

पोखरेलपछि मन्त्री बनेका कृष्णगोपाल श्रेष्ठले पनि शिक्षा ऐन "चाँडै" ल्याउने बताए । तर, उनको कार्यकालमा पनि शिक्षा ऐन बन्ने प्रक्रियाले गति लिएन । असार २०७८ मा केपी ओली नेतृत्वको सरकार परिवर्तन भएपछि कानून मन्त्रालय पुगेका ऐनका मस्यौदा पुनः शिक्षा मन्त्रालयमा फर्के (कान्तिपुर २०७८क; कैनी २०७८) । ओलीलाई नेपाली काँग्रेसका नेता शेरबहादुर देउवाले प्रतिस्थापन गरे । उनको सरकारमा माओवादी पार्टीकै देवेन्द्र पौडेल शिक्षा मन्त्री बने । आफ्ना पूर्ववर्तीले झैँ शिक्षा ऐन आफ्नो प्राथमिकता परेको उनले घोषणा गरे । तर उनको डेढ वर्षे कार्यकालमा पनि शिक्षा ऐन बन्न सकेन ।

समाचारमा जनाइए अनुसार पौडेल शिक्षा मन्त्री रहँदा पनि शिक्षा विधेयकलाई अन्तिम रूप दिई सहमतिका लागि अर्थ र कानून मन्त्रालयमा पठाइएको थियो । अति गोप्य राखिएको यो मस्यौदा (एडुखबर २०७९) कानून र अर्थ मन्त्रालयबाट स्वीकृत पनि भएको थियो । र, भदौको तेस्रो हप्ता (२०७९) मा पौडेलले सोही मस्यौदा अगाडि बढाउन मन्त्रिपरिषद्मा प्रस्ताव लगेका थिए । मन्त्रिपरिषद् बैठकले सो विधेयक थप अध्ययन गरेर संसद्मा पेस गर्नका लागि मन्त्रिपरिषद्को विधेयक

[११] विद्यानाथ कोइरालासँग जेठ २४, २०८० मा गरिएको कुराकानी आधारित ।

समितिमा पठाएको थियो (विवेक २०८०)। विद्यालय शिक्षामा प्रत्यक्ष सरोकार राख्ने समूह—शिक्षक संघ-संगठन, स्थानीय सरकारका जनप्रतिनिधि, निजी विद्यालयसँग सम्बन्धित संस्था, र शिक्षामा काम गर्ने विभिन्न संघ-संस्था—ले समेत प्रस्तावित शिक्षा ऐनको मस्यौदा हेर्न पाएका थिएनन् (आर्थिक दैनिक २०७९; कैनी २०७९; रातोपाटी २०७९)।[१२] ऐनका मस्यौदा सार्वजनिक गर्दा ऐनका कतिपय प्रावधान आफ्नो अनुकूल नभएमा स्वार्थ समूह/सरोकारवालहरूले बीचैमा रोक्ने या यस्ता प्रावधान विरुद्ध आन्दोलन गर्न सक्ने भएकाले ऐनको मस्यौदा गोप्य रूपमा बढाइएको तर्क शिक्षा मन्त्रालय/मन्त्रीको थियो।[१३]

यसबीच, मंसिर २०७९ मा संसद्को पाँच वर्षे कार्यकाल सक्किएर नयाँ ससद्का लागि निर्वाचन भयो। र, निर्वाचन परिणाम आएसँगै सरकारको नेतृत्व पनि परिवर्तन भएर पुस २०७९ देखि माओवादी दलका नेता पुष्पकमल दाहाल "प्रचण्ड" प्रधानमन्त्री बने। नयाँ सरकारले आफ्नो आर्थिक वर्ष (आ.व.) २०८०/८१ को नीति तथा कार्यक्रममा संघीय शिक्षा ऐन संसद्को यसै अधिवेशनबाट पारित गर्ने भनेको छ (नेपाल सरकार २०८०)। आ.व. २०८०/८१ को बजेट वक्तव्यमा समेत संघीय शिक्षा ऐन तर्जुमा गरिने विषयले ठाउँ पाएको छ (अर्थ मन्त्रालय २०८०)।[१४]

[१२] नेपाल राष्ट्रिय शिक्षक महासंघका अध्यक्ष कमला तुलाधरका अनुसार शिक्षक महासंघका प्रतिनिधिहरूको एक समूहले भदौ, २०७८ मा शिक्षा मन्त्री देवेन्द्र पौडेलसँग भेटेर प्रस्तावित ऐनको मस्यौदा देखाएर मात्र अघि बढाउन अनुरोध गरेका भए तापनि सो मस्यौदा उनीहरूलाई देखाइएन। तुलाधरसँग वैशाख १२, २०८० मा गरिएको कुराकानी। गाउँपालिका राष्ट्रिय महसंघका प्रतिनिधि, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका प्रतिनिधि र शिक्षाविद्ले समेत प्रस्तावित संघीय शिक्षा ऐनको मस्यौदा हेर्न नपाएको बताएका थिए। वैशाख-जेठ, २०८० का विभिन्न मितिमा गरिएका कुराकानी।

[१३] शिक्षा मन्त्रालयका अधिकारीहरूले त्यतिबेला मन्त्री पौडेलले मन्त्रालयमा "ऐनलाई गोप्य राख्न अनौपचारिक निर्देशन दिएका" कारण मस्यौदा दिन नसक्ने जानकारी गराएका थिए (कैनी २०७९)। अनुसन्धानका क्रममा तात्कालिक शिक्षा मन्त्री देवेन्द्र पौडेलले पनि ऐनको मस्यौदा सार्वजानिक गर्दा स्वार्थ समूहले विधेयक अगाडि बढाउन रोक्ने भएकाले ऐनको मस्यौदा गोप्य राख्नु परेको बताएका थिए। पौडेलसँग असार ५, २०८० मा गरिएको कुराकानी।

[१४] यसअघि सरकारका वार्षिक कार्यक्रम या वार्षिक वजेट वक्तव्यमा तोकेरै संघीय शिक्षा ऐन ल्याउने भनिएको पाइँदैन। नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८० मा भने "संविधानको अनुसूचीमा उल्लिखित अधिकारसूचीका विषयहरूलाई कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था मिलाइनेछ" भनिएको थियो (नेपाल सरकार २०७९ : ८)।

वर्तमान शिक्षा मन्त्री अशोककुमार राईले संघीय शिक्षा ऐन चालू अधिवेशनमै संसद्मा प्रस्तुत गर्ने बताइरहेका छन् (नयाँ पत्रिका २०८०) । तर, मन्त्री राईले आफ्ना पूर्ववर्तीहरूको कदम पछयाउँछन् वा शिक्षा विधेयक संसद्सम्म साँच्चिकै पुऱ्याउँछन्, र पास गराउँछन्, त्यो हेर्न बाँकी नै छ ।

## किन, कहाँ अड्कियो ?

शिक्षा सबै नागरिकको प्रत्यक्ष सरोकारको विषय भए पनि शैक्षिक नीति-निर्माणमा मुख्यतः चार ओटा सरोकार समूह हावी देखिन्छन् । ती हुन् : १) शिक्षक र तिनका संघ-संघठन, २) निजी विद्यालय र तिनका संगठन, ३) शिक्षा विभाग/मन्त्रालयसँग जोडिएका कर्मचारीहरू र ४) गाउँ तथा नगर पालिका र तिनका संघ/महासंघ । यी सबै सरोकारवाला वा "स्वार्थ समूह" का स्वार्थ आपसमा बाझिन्छन् (केहीका स्वार्थ मिल्छन् पनि) । र, आफ्नो स्वार्थ अनुकूल हुने सुनिश्चित भए मात्र उनीहरू शिक्षा ऐन निर्माण प्रक्रियाले गति लेओस् भन्ने चाहन्छन् । यी समूहहरूको भूमिका केलाउँदा मूलतः तीन ओटा कारणले शिक्षा ऐन आउनमा विलम्ब भैरहेको देखिन्छ । पहिलो, माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार सूची (अनुसूची-८) मा रहने कि संघ, प्रदेश र स्थानीय सरकारको "साझा अधिकार" सूची (अनुसूची-९) मा रहने; दोस्रो, संघीय शिक्षा ऐनमा शिक्षकको परिचालन/नियमन र राहत, साविक उच्च मावि (उमावि) तथा बाल विकास केन्द्र (ईसीडी) का शिक्षकहरूको व्यवस्थापन कसरी गर्ने; तेस्रो, निजी शिक्षण संस्थाको "गभर्नेन्स" प्रक्रिया के-कस्तो हुने । शिक्षाका सरोकारवालामाझ यी मुद्दामा गहिरा मतभेद छन् । यी तीन मुद्दाबारे अब चर्चा गरौँ ।

### *संविधानको अनुसूची-८ कि ९ ?*

नेपालको नयाँ संविधान (२०७२) को अनुसूची-८ को आठौँ बुँदामा माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखिएको छ । अनुसूची-९ को दोस्रो बुँदामा संघ, प्रदेश र स्थानीय सरकारको साझा सूचीको रूपमा "शिक्षा, खेलकुद र पत्रपत्रिका" भनिएको छ (नेपाल सरकार २०७२) । माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको एकल क्षेत्राधिकारमा राख्ने संवैधानिक प्रावधानसँग

शिक्षक र तिनका संघ-संगठन शुरूबाटै रुष्ट थिए । माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको अधिकारभित्र रहने गरी संविधानको मस्यौदा बाहिर आएपछि नेपाल शिक्षक महासंघले यस्तो प्रावधानको विरोध गरेको थियो (मार्टिन चौतारी २०७६क) । साथै, उनीहरूले यस्तो प्रावधान विरुद्ध त्यतिबेला "लबिङ" समेत गरेका थिए (शर्मा सन् २०१७) । यद्यपि, उनीहरूको सो प्रयत्न त्यति बेला सफल भएन, र विद्यालयीय शिक्षा स्थानीय सरकार मातहतै रह्यो ।

सोही संवैधानिक प्रावधानलाई टेकेर र संघीयतालाई सहजीकरण गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४ सालमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तयार गरी कार्यान्वयनमा ल्यायो । यो ऐनले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन/व्यवस्थापन स्थानीय सरकार मातहत राख्दै स्थानीय तहमा शिक्षा नीति, ऐन-नियम बनाउनेदेखि लिएर विद्यालय सञ्चालन, नियमन, अनुगमन र शिक्षक/कर्मचारीको दरबन्दी मिलान जस्ता अधिकार स्थानीय सरकारलाई दियो । विद्यालय व्यवस्थापन समितिको गठन र विद्यालयको वित्तीय व्यवस्थापन समेत स्थानीय सरकारको अधिकार क्षेत्रमा यो ऐनले राख्यो (हेर्नुहोस्, नेपाल सरकार २०७४) ।

संघ तथा प्रदेशहरूमा शिक्षा ऐन बनिनसकेको र मौजुदा शिक्षा ऐन (र, नियमावली) क्रियाशील रहिरहेका अवस्थामा मंसिर २०७४ पछि नयाँ संविधान र स्थानीय सरकार सञ्चालन ऐनलाई टेकेर गाउँ/नगरपालिकाहरूले आ-आफ्ना शिक्षा ऐन, नियम, कार्यविधि, तथा निर्देशिका बनाई कार्यान्वयन गर्न थाले । केहीले भने शिक्षा ऐन नै नबनाई विद्यालय व्यवस्थापन समिति भंग गर्ने, प्रधानाध्यापक परिवर्तन गर्ने, शिक्षक सरुवा गर्ने जस्ता काम गरे । यी सबै कामको विरोधमा शिक्षक र तिनका संघ-संगठनहरू उत्रिए (एडुखबर २०७४; कान्तिपुर २०७५क; पराजुली, उप्रेती र गुरुङ २०७६) । संघीय शिक्षा ऐन नबनीकन स्थानीय स्तरमा बन्ने शिक्षा सम्बन्धी ऐन, नियम आफूलाई मान्य नहुने उनीहरूको जिकिर थियो/छ ।[१५] साथै,

[१५] मंसिर २०७४ पछि स्थानीय सरकारहरूले नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई टेकेर शिक्षा ऐन-नियम बनाएर विद्यालय सञ्चालन गर्न शुरू गरेपछि विभिन्न स्थानमा शिक्षक र स्थानीय जनप्रतिनिधिमाझ द्वन्द्व देखिएका थिए (हेर्नुहोस्, डीआरसीएन २०७६; पराजुली, उप्रेती र गुरुङ २०७६) । संघीय शिक्षा ऐन जारी नभई स्थानीय सरकारले आफूखुसी शिक्षा ऐन-नियम बनाई कार्यान्वयन गरेको भन्दै शिक्षकहरू अदालतमा समेत गएका

शिक्षक महासंघले संघीय तथा प्रादेशिक शिक्षा ऐनमा आधारित भएर बन्नु पर्ने स्थानीय तहको ऐन संघीय तथा प्रादेशिक शिक्षा ऐनभन्दा अघि बन्नु र बनाइनु सर्वथा अनुचित भन्दै आन्दोलन समेत गर्दै आएको छ (सुवेदी २०७८) ।

नयाँ संविधान लागु भएदेखि नै शिक्षक र तिनका संघ-संगठनहरूले विद्यालय तहसम्मको शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची (अनुसूची-९) मा राख्नु पर्ने माग निरन्तर रूपमा उठाइरहेका छन् । संविधानको अनुसूची-८ मा स्थानीय सरकारको अधिकारको सूचीको रूपमा विद्यालय शिक्षा राखिएको भए पनि अनुसूची-९ को दोस्रो बुँदामा साझा सूचीको रूपमा "शिक्षा, खेलकुद र पत्रपत्रिका" समेत उल्लेख भएकोले र संविधानले "आधारभूत/ माध्यमिक बाहेकको शिक्षा" भन्ने नतोकेकोले माध्यमिक शिक्षा समेत तीन ओटै सरकारको अधिकार क्षेत्रभित्र रहने उनीहरूको जिकिर छ ।[१६] "अन्तर्राष्ट्रिय अभ्यासलाई समेत दृष्टिगत गरी विद्यालय तहको शिक्षाको अधिकार अनुसूची-९ मा व्यवस्थित गरिनु" पर्ने उनीहरूको माग छ ।[१७]

संघीय शिक्षा ऐन जारी नहुँदै शिक्षा ऐन बनाउन पालिकाहरूले देखाएको अग्रसरताप्रति वा समग्रमा विद्यालयीय शिक्षा स्थानीय सरकार मातहत लगिएको शिक्षा मन्त्रालयका कर्मचारी वर्गलाई पनि पचेको थिएन । त्यसैले, विद्यालय तहको शिक्षा अनुसूची-८ बाट अनुसूची-९ मा लैजानुपर्छ भन्ने शिक्षक संघ-संगठनका मागप्रति उनीहरू सकारात्मक छन् । उदाहरणका लागि, फागुन ९, २०७८ मा शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच एक सम्झौता भएको थियो, जसमा

---

थिए (मार्टिन चौतारी २०७६क) । विद्यालय सञ्चालन एवं नियमनबारे शिक्षक र स्थानीय सरकार बीचका कतिपय मुद्दा अदालतमा अझै विचाराधीन छन्, पूर्ण टुंगोमा पुगिसकेका छैनन् ।

[१६] नेपाल शिक्षक महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदी भन्छन् : अमेरिका, क्यानडा, अस्ट्रेलिया जस्ता विकसित संघीय मुलुकमा विद्यालय तहको शिक्षाको मुख्य अधिकार प्रदेश तहमा राखिएको छ। भारत (प्रदेश र संघ) र पाकिस्तान (प्रदेश) मै पनि विद्यालय शिक्षा स्थानीय तहमा राखिएको छैन । संघीयताको नमूना मानिएको स्वीजरल्याण्ड र साना मानिएका संघीय मुलुकमा समेत विद्यालय शिक्षा स्थानीय सरकारमा छैन । विश्वका कुनै पनि संघीय देशको दृष्टान्तसँग नमिल्ने यो प्रावधान हामीले किन अवलम्बन गर्‍यौँ, यो प्रश्न अनुत्तरित छ (सुवेदी २०७९) ।

[१७] नेपाल शिक्षक संघले वैशाख २१, २०८० मा अगाडि सारेका माग https://khabareducation.com/16041/ मा हेर्न सक्नुहुन्छ । वैशाख २३, २०८० मा हेरिएको ।

विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको एकल अधिकारको सूचीबाट अलग गर्दै संघ, प्रदेश र स्थानीय सरकारको साझा सूचीमा राख्ने विषयमा उनीहरू एकमत भएका थिए ।[१८] संविधानभन्दा बाहिर गएर सरकारको एउटा निकायले आन्दोलनकारीहरूसँग सम्झौता/सहमति गर्नु आफैमा अनौठो थियो ।

पछिल्लो समय शिक्षा मन्त्रालयका केही उपल्ला अधिकारी सार्वजनिक रूपमै आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय सरकारको एकल अधिकारभित्र मात्र राख्न नहुने बताउन थालेका छन् । उदाहरणका लागि, असार पहिलो हप्ता २०७९ मा संघीय संसद्, शिक्षा तथा स्वास्थ्य समितिको बैठकमा तात्कालिक शिक्षा सचिव यादवप्रसाद कोइरालाले "माध्यमिक शिक्षा सम्मको अधिकार स्थानीय तहलाई दिनु नहुने" धारणा राखेका थिए । साथै, सो बैठकमा उनले "संविधान निर्माण गर्दा नै माध्यमिक शिक्षा सम्मको अधिकार पालिकालाई दिएर त्रुटि गरिएको" समेत भने (कान्तिपुर २०७९; घिमिरे सन् २०२२ए) । कोइराला जति मुखर नभए पनि माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको क्षेत्राधिकारभित्र राख्ने संवैधानिक प्रावधानप्रति विमति राख्नेको संख्या शिक्षा मन्त्रालयमा ठूलो छ ।[१९] उनीहरूको अरुचिले पनि शिक्षा ऐन निर्माण प्रकृयामा ढिलाइ भैरहेको छ ।[२०]

शिक्षा मन्त्रालय र शिक्षक महासंघबीच विभिन्न मितिमा भएका सम्झौताका बुँदाहरू अध्ययन गर्दा विद्यालयीय शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारबाट झिक्न दुवै समूह उद्यत भएको पाइन्छ । नयाँ संविधानले राजनीतिक इकाइको रूपमा

[१८] हेर्नुहोस्, फागुन ९, २०७८ मा नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच नेपाल शिक्षक महासंघका मागका सम्बन्धमा भएको सम्झौताको बुँदा नम्बर ११ । यो सम्झौतापत्रमा शिक्षा मन्त्रालयका तर्फबाट मन्त्री देवेन्द्र पौडेल, सचिव यादवप्रसाद कोइराला, सहसचिव दीपक शर्मा र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुडामणि पौडेलले हस्ताक्षर गरेका छन् । शिक्षकका तर्फबाट शिक्षक महासंघकी अध्यक्ष कमलादेवी तुलाधर, सहअध्यक्ष पूर्णप्रसाद दवाडी, महासचिव लक्ष्मीकिशोर सुवेदी सहितका पदाधिकारी र विभिन्न दलआबद्ध शिक्षक संघ-संगठनका प्रतिनिधि तथा महासंघका घटकका तर्फबाट गरी ११ जनाले हस्ताक्षर गरेका छन् ।

[१९] शिक्षा मन्त्रालयका निवर्तमान एक उपसचिवसँग वैशाख १५, २०८० मा गरिएको कुराकानीमा आधारित ।

[२०] अनुसन्धानका क्रममा शिक्षा मन्त्रालयका अधिकारी, जनप्रतिनिधि, कानूनविद् र शिक्षाविद्मध्ये केहीले यो विषय बारम्बार उठाएका थिए ।

जिल्लालाई चिन्दैन भन्न मिल्छ । त्यसैले, पहिले जिल्ला शिक्षा कार्यालयले गर्ने धेरै काम-कारवाही अहिले अन्यत्र बाँडिएको छ, र सो इकाइको नाम पनि "शिक्षा विकास तथा समन्वय इकाइ" राखिएको छ । तर, शिक्षा मन्त्रालय र शिक्षक महासंघले "जिल्ला शिक्षा कार्यालय" (जिशिका) पुन:स्थापना गर्ने "सहमति" गरेका छन् । फागुन ९, २०७८ मा उनीहरूबीच भएको सम्झौतामा "प्रस्तावित संघीय शिक्षा ऐनमा शिक्षा विकास तथा समन्वय इकाइको नाम परिवर्तन गरी जिल्ला शिक्षा कार्यालयको स्थापना गर्ने र तोकिएको काम कर्तव्यमा पुनरावलोकन गर्ने" भनिएको छ ।[२१] तात्कालिक शिक्षा मन्त्री देवेन्द्र पौडेलले गोप्य राख्दै अगाडि बढाएको शिक्षा ऐनको मस्यौदामा पनि यो बुँदा समेटिएको छ । सो मस्यौदामा "प्रत्येक जिल्लामा जिल्ला शिक्षा कार्यालय रहनेछ" भन्ने प्रावधान परेको छ ।[२२]

स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले विद्यालयको व्यवस्थापन/सञ्चालनबारे ऐन-नियम तथा निर्देशिका बनाई विद्यालय व्यवस्थापन समिति (विव्यस) गठन गर्ने अधिकार पालिकाहरूलाई दिएको छ । सो अधिकारलाई संघीय शिक्षा ऐन मार्फत "लगाम" लगाउन शिक्षक-कर्मचारीले खोजेका छन् । यसका साथै, "सबै प्रदेश र स्थानीय तहले बनाउने शिक्षा ऐनमा एकरूपता हुनु पर्ने" भन्ने शिक्षक महासंघको मागमा समेत शिक्षा मन्त्रालय लचिलो देखिएको छ ।[२३] विव्यस गठनमा देशैभर एकरूपता कायम गर्ने, विव्यसको अध्यक्ष र बहुमत

[२१] हेर्नुहोस्, फागुन ९, २०७८ मा नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच नेपाल शिक्षक महासंघका मागका सम्बन्धमा भएको सम्झौताको बुँदा नम्बर ६ ।

[२२] हेर्नुहोस्, विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (२०७९) को १६(१) । साथै, विद्यालयको प्रधानाध्यापक (प्रअ) छनोट सम्बन्धी प्रावधानमा जिल्ला शिक्षा कार्यालयको भूमिकालाई प्रस्तावित ऐनमा महत्त्वपूर्ण बनाइएको छ । प्रअ सम्बन्धी व्यवस्थाबारे ऐनको मस्यौदामा भनिएको छ : विद्यालयको प्रअ छनोटको लागि जिल्ला शिक्षा कार्यालयको प्रमुखको अध्यक्षतामा सम्बन्धित स्थानीय तहको विद्यालय रहेको स्थानको वडाको वडाअध्यक्ष वा निजले तोकेको वडा सदस्य र जिल्ला शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको तीन जना सदस्य रहेको छनोट समिति रहनेछ । मस्यौदामा रहेको यो नियमले विद्यालयको प्रअ छनोट प्रक्रियालाई स्थानीय सरकारबाट झिकेर संघीय निजामती सेवाको कर्मचारीको हातमा पुऱ्याइएको छ (विधेयकको दफा १६.२) ।

[२३] हेर्नुहोस्, फागुन ९, २०७८ मा नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच नेपाल शिक्षक महासंघका मागका सम्बन्धमा भएको सम्झौताको बुँदा नम्बर १२ ।

सदस्य अभिभावकबाट छनोट हुने, प्रधानाध्यापक सदस्य सचिव हुने र वडाध्यक्ष या निजले तोकेको सदस्यलाई पदेन सदस्य हुने व्यवस्था संघीय शिक्षा ऐनमा तय गर्ने भन्ने उनीहरूबीचको सम्झौता यस्तै एक उदाहरण हो। संविधानभन्दा पर गएर गरिएका यस्ता सम्झौताको गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघले विरोध गरेका छन् (कान्तिपुर २०७८ख)। कानूनका जानकारहरूले पनि यस्ता सम्झौतालाई "गैर-संवैधानिक" भनेका छन् (हेर्नुहोस्, श्याम श्रेष्ठ २०७६; एड्डुखबर २०७८)।

माथिको चर्चाबाट खास गरी शिक्षकहरूका ट्रेड युनियन र शिक्षा मन्त्रालय आबद्ध कर्मचारीहरूले राजनीतिकर्मीहरूको मद्दत लिएर संविधानको बर्खिलाप समेत हुने गरेर आफ्ना स्वार्थ अगाडि बढाउन खोजेको प्रस्टै देखिन्छ। तर, विभिन्न राजनीतिक दलका कार्यकर्ता रहेका शिक्षकका स्वार्थसम्मत हुने गरी कानून बनाउँदा संविधानभन्दा बाहिर जान पर्ने र संविधानसम्मत कानून निर्माण गर्दा कार्यकर्ता-शिक्षक र कर्मचारी नाखुस हुने भएकाले शिक्षा सम्बन्धी नयाँ कानून निर्माणमा जटिलता थपिएको हो।

## *शिक्षकहरूको नियुक्ति र व्यवस्थापन*

माध्यमिक तहसम्मका शिक्षकहरूको नियुक्ति एवं व्यवस्थापन (सरुवा-बढुवा-पदोन्नति) को प्रक्रिया के-कस्तो हुने भन्नेमा सरोकारवालामाझ केही गहिरा असहमति छन्, जुन शिक्षा ऐन निर्माणमा अर्को मुख्य तगारो बनेका छन्। सर्सर्ती हेर्दा यसमा दुई ओटा कुरा जोडिएका छन्। पहिलो, शिक्षकको नियुक्ति एवं व्यवस्थापन अधिकार संघमा रहने कि स्थानीय सरकारमा रहने। र दोस्रो, विभिन्न थरी वा तहमा पढाउने शिक्षक जस्तै, राहत, ईसीडी, उमाविका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई कसरी व्यवस्थापन गर्ने। नयाँ संविधान बनेदेखि नै शिक्षक र तिनका संघ-संगठनले शिक्षक नियुक्ति, सरुवा, बढुवा र, आवश्यक परे शिक्षक बर्खास्ती जस्ता अधिकार संघमा रहनु पर्ने विषय बारम्बार उठाउँदै आएका छन् (मार्टिन चौतारी २०७६क)। उदाहरणका लागि, वैशाख २५, २०७५ मा शिक्षक महासंघले सरकारलाई बुझाएको २३ बुँदे ज्ञापन पत्रमा अन्य विषयका अतिरिक्त "शिक्षक सेवा आयोगलाई संवैधानिक आयोगको रूपमा गठन गर्ने" र प्रस्तावित

संघीय शिक्षा ऐनमा शिक्षकको तलब, भत्ता, पेन्सन, उपदान र औषधीजस्ता सेवा-शर्त र सुविधाको दायित्व संघीय सरकारमा राख्न र प्रदेश/स्थानीय सरकारले ती सेवा-शर्त र सुविधा परिवर्तन गर्न नसक्ने प्रावधान राख्न माग गरेका थिए । त्यसै गरी, विद्यालयको पाठ्यक्रम निर्माण सम्बन्धी अधिकार, शिक्षक कर्मचारीको नियुक्ति, सरुवा, बढुवा विभागीय सजाय एवं त्यसको अभिलेखीकरण र शिक्षक किताबखाना सम्बन्धी सम्पूर्ण काम संघीय सरकार मातहतका निकाय अन्तर्गत हुने गरी शिक्षा ऐन आउनुपर्ने उनीहरूको माग छ (पोखरेल २०७६) ।

शिक्षक र तिनका संघ-संगठन "जिल्लान्तर तथा जिल्ला भित्रको अन्तर स्थानीय तह सरुवा शिक्षा विकास तथा समन्वय इकाइ मार्फत गर्ने व्यवस्था मिलाउन" चाहन्छन् । शिक्षक सरुवा सम्बन्धी शिक्षकहरूले यो प्रस्ताव धेरै हदसम्म मौजुदा शिक्षा ऐन (२०२८) कै निरन्तरता हो । उनीहरूको यस्तो मागमा शिक्षा मन्त्रालयले पनि पटक-पटक सम्झौता गरेको छ । पछिल्लो पटक फागुन ९, २०७८ मा शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच भएको सम्झौतामा भनिएको छ : "तोकिएको प्रक्रिया पुरा गरी आएका शिक्षकहरूको स्थानीय तह भित्रको सरुवा स्थानीय तहले गर्ने जिल्लान्तर तथा जिल्ला भित्रको अन्तर स्थानीय सरुवा शिक्षा विकास तथा समन्वय इकाइ मार्फत गर्ने व्यवस्था मिलाउने ।"[२४] मंसिर, २०७४ पछि कतिपय स्थानीय सरकारले आफै शिक्षा ऐन-नियम बनाई शिक्षकको "जिल्लान्तर सरुवा" समेत गरिरहेका छन् । विद्यालय शिक्षाको व्यवस्थापन/सञ्चालन स्थानीय सरकारको क्षेत्राधिकार भएकाले शिक्षक व्यवस्थापनको अधिकार आफ्नो भएको स्थानीय सरकारका जनप्रतिनिधिहरूको जिकिर छ (घिमिरे सन् २०२२ए) । शिक्षक स्थानीय सरकारको अधीनमा रहने कि संघको अधीनमा रहने भन्ने विषयले पनि शिक्षा ऐन आउन नसक्नुमा भूमिका खेलेको छ ।

दोस्रो, राहत, प्रतिविद्यार्थी लागत (पीसीएफ) र ईसीडी शिक्षकको दीर्घकालीन व्यवस्थापन कसरी गर्ने भन्नेबारे सरोकारवालामाझ न्यूनतम सहमति नभएसम्म संघीय शिक्षा ऐनको विधेयक अगाडि बढाउन त्यति सहज देखिँदैन । नेपाली राज्यले सामुदायिक विद्यालयहरूमा विद्यार्थीको संख्या र विषयगत आवश्यकता अनुसार

[२४] फागुन ९, २०७८ मा नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच नेपाल शिक्षक महासंघका मागका सम्बन्धमा भएको सम्झौताको बुँदा नम्बर ७ ।

शिक्षक दरबन्दी व्यवस्थापन गर्न सकेको छैन । २०५५ सालपछि स्रोतको अभाव देखाउँदै नेपाली राज्यले थप स्थायी शिक्षकको दरबन्दी सिर्जना गरेको देखिँदैन । त्यसपछि राज्यले राहत तथा प्रतिविद्यार्थी लागतका आधारमा अनुदान दिई अपुग शिक्षकको व्यवस्था गरिरहेको छ । त्यसबाहेक, "स्थायी व्यवस्थापन" नभएका ईसीडीका (करिब ३२ हजार) र उमाविका शिक्षक (४ हजार अनुदान र २ हजार दरबन्दी) हरूको संख्या पनि उल्लेखनीय छ ।[२५] २०७४ सालदेखि संघीय शिक्षा ऐनमा स्वतः स्थायी हुने प्रावधान राख्नुपर्ने मागसहित देशभरका राहत र ईसीडीका शिक्षक आन्दोलन गरिरहेका छन् (एडुखबर २०७५क; कान्तिपुर २०७५ख) । राहत र ईसीडी कोटालाई "दरबन्दी" मा रूपान्तरण गर्दै आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्नुपर्ने प्रावधान संघीय शिक्षा ऐनमा सुनिश्चित गर्नुपर्ने उनीहरूको माग देखिन्छ ।[२६] ईसीडी शिक्षकलाई प्रावि शिक्षक सरहको सेवा सुबिधा दिनुपर्ने ईसीडीका शिक्षकहरूको माग देखिन्छ (पण्डित २०८०) ।

यसअघि, २०७५ सालमा, आफूहरूको माग विपरीत सरकारले संघीय शिक्षा ऐन ल्याउन लागेको भन्दै राहत र पीसीएफ शिक्षकले देशव्यापी आन्दोलन गरेका थिए । उदाहरणका लागि २०७५ सालमा शिक्षा मन्त्रालयले छलफलका लागि सार्वजनिक गरेको विधेयकको मस्यौदामा "कुल दरबन्दीको बीस प्रतिशत दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाका बखत राहत अनुदान कोटामा कार्यरत शिक्षकहरू बीच एक पटकका लागि आन्तरिक प्रतिस्पर्धा गराई पदपूर्ति" भन्ने प्रावधान थियो । साथै, शिक्षक सेवा आयोगले स्थायी पदपूर्तिका लागि लिने यो परीक्षामा उम्मेदवार हुन राहत दरबन्दी तथा उच्च माध्यमिक तहको दरबन्दी तथा अनुदान कोटामा कार्यरत शिक्षकहरूलाई एक पटकका लागि उमेरको हद नलाग्ने प्रावधान समेत

[२५] करिब ३२ हजार जना ईसीडी, ३४,८५० जना विद्यालय कर्मचारी, करिब ३९ हजार राहत शिक्षक, करिबन ६ हजार उच्च मावि (४ हजार अनुदान र २ हजार दरबन्दीसमेत) का शिक्षक छन् (पोखरेल २०७९) ।

[२६] नेपाल सरकारका पूर्वसचिव महाश्रम शर्माको संयोजकत्वमा असार ४, २०७५ मा गठित शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदलले समेत राहत शिक्षक कोटालाई दरबन्दीमा रूपान्तरण गर्न सुझाएको थियो (एडुखबर २०७५ख; शिदपुसुका २०७५) ।

समेत विधेयकमा राखियो ।[२७] विधेयकमा रहेका यी प्रावधानप्रति राहत तथा उच्च माध्यमिक तहमा दरबन्दी र अनुदान कोटामा कार्यरत शिक्षकहरूले आपत्ति जनाए । विधेयकमा रहेका यी प्रावधानले आफ्नो जागिर सुनिश्चितता नभएको भन्दै उनीहरू आन्दोलनमा उत्रिएका थिए (सेतोपाटी २०७५) । कुल दरबन्दीमा आन्तरिक प्रतिस्पर्धाको प्रतिशत बढाउनु पर्ने भन्ने उनीहरूको माग थियो । साथै, शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदलले राहत शिक्षक कोटालाई दरबन्दीमा रूपान्तरण गर्न सुझाएकोले सोही अनुसार संघीय शिक्षा ऐन आउनु पर्ने भन्ने उनीहरूको जोड थियो । शिक्षकहरू आन्दोलित बनेपछि फागुन तेस्रो हप्ता, २०७५ मा संघीय शिक्षा ऐनमा नै उनीहरूलाई स्थायी प्रक्रियामा लैजाने प्रावधान तय गर्न सरकार तयार भएको थियो (विश्वकर्मा २०७५; रातोपाटी २०७९) ।

प्रस्तावित शिक्षा ऐनमा राहत शिक्षक स्थायी गर्ने विषयमा त्यसपछि पनि सरकार र राहत शिक्षकबीच पटक-पटक सम्झौता भएको छ । उदाहरणका लागि शिक्षा मन्त्रालय र नेपाल राहत शिक्षक संघर्ष समितिबीच असोज २२, २०७५ भएको सहमतिमा "संघीय शिक्षा ऐनमा राहत शिक्षकहरूलाई स्थायी व्यवस्थापन गर्ने" भनिएको थियो । त्यसै गरी, राहत र साविक उमावि रहेका शिक्षकलाई दरबन्दीमा लैजाने प्रावधान संघीय शिक्षा ऐनमा प्रबन्ध गर्नुपर्ने उनीहरूका मागप्रति शिक्षक महासंघ र महासंघका प्रमुख घटकहरूले समेत ऐक्यबद्धता जनाएका छन् । उदाहरणका लागि, वैशाख २१, २०८० मा शिक्षकका मुद्दाहरू अविलम्ब सम्बोधन गर्न नेपाल शिक्षक संघले २० बुँदे माग अगाडि सारेको छ, जसको दोस्रो बुँदामा भनिएको छ, "नेपाल शिक्षक महासंघ र सरकारबीच भएको सम्झौता बमोजिम सबै राहत र साविक उमावि दरबन्दीलाई स्वीकृत दरबन्दीमा परिणत गर्दै उमेरको हद नलाग्ने गरी तोकिएको दरबन्दीमा आन्तरिक-खुला प्रतियोगिताद्वारा शिक्षक सेवा आयोग मार्फत स्थायी गर्न नयाँ ऐनमा आवश्यक कानूनी प्रबन्ध गर्नुपर्दछ" (खबर एजुकेसन २०८०) । त्यसै गरी, राहत, साविक उमावि र ईसीडी कोटालाई स्वीकृत दरबन्दीमा परिणत गरी शिक्षक सेवा आयोगबाट उमेरको हद नलाग्ने गरी आन्तरिक तथा खुला प्रतिस्पर्धाबाट स्थायी गर्नेबारे शिक्षा मन्त्रालयले शिक्षक महासंघसँग

[२७] शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (२०७५) को ६१(३) र ६१(४) ।

समेत पटक-पटक सम्झौता गरेको देखिन्छ ।[२८] यसबारे पछिल्लो पटक फागुन ९, २०७८ मा उनीहरूबीच भएको सम्झौतामा भनिएको छ :

> २०७५ ।११ ।०९ को सम्झौताको बुँदा नं. ८ मा उल्लेख भए अनुसार स्वीकृत दरबन्दीमा परिणत गरी ती दरबन्दीमा कार्यरत शिक्षकलाई शिक्षक सेवा आयोगबाट आन्तरिक/खुल्ला प्रतियोगिता मार्फत स्थायी गर्दा उमेरको हद नलाग्ने गरी कानूनी व्यवस्था गर्ने ।[२९]

"अस्थायी" र धेरै हदसम्म "तदर्थ" रूपमा काम गरिरहेका उनीहरूले प्रस्तावित संघीय शिक्षा ऐन मार्फत आफ्नो जागिरको "स्थायीत्व" खोजेका छन् । भदौ तेस्रो हप्ता, २०७९ मा शेरबहादुर देउवाको मन्त्रिपरिषद्बाट पारित भई थप छलफलका लागि विधेयक समितिमा विचाराधीन रहेको शिक्षा विधेयकको गोप्य मस्यौदामा शिक्षक महासंघले उठाउँदै आएका—राहत, साविक उमावि, ईसीडी कोटालाई स्वीकृत दरबन्दीमा परिणत गरी शिक्षक सेवा आयोगबाट उमेरको हद नलाग्ने गरी आन्तरिक तथा खुल्ला प्रतिस्पर्धाबाट स्थायी गर्ने—माग आंशिक रूपमा सम्बोधन गरिएको देखिन्छ । प्रस्तावित ऐनको मस्यौदामा भनिएको छ, "यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा शिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुनेछ ।"[३०] साथै, शिक्षक सेवा आयोगबाट सञ्चालन हुने पहिलो पटकको परीक्षामा भाग लिन उनीहरूलाई "उमेरहद नलाग्ने" प्रावधान समेत मस्यौदामा राखिएको छ । यद्यपि, यसरी परिणत भएको दरबन्दी कोटा "आन्तरिक प्रतिस्पर्धा" का आधारमा पूर्ति गरिनुपर्ने राहत शिक्षकको मागबारे भने ऐनमा केही उल्लेख छैन ।

[२८] राहत, साविक उमावि र ईसीडी कोटालाई दरबन्दीमा परिणत गर्नेबारे फागुन ९, २०७५ र फागुन ९, २०७८ मा शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच भएका सम्झौता महत्त्वपूर्ण छन् । हेर्नुहोस्, सहमतिको बुँदा नम्बर ८ ।

[२९] फागुन ९, २०७८ मा नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच नेपाल शिक्षक महासंघका मागका सम्बन्धमा भएको सम्झौताको बुँदा नम्बर १८।

[३०] विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७९ को ४४(२) ।

राहत, साविक उमावि र ईसीडी कोटालाई स्वीकृत दरबन्दीमा लैजाँदा उनीहरूको नियमित तलब, सञ्चय कोष तथा पेन्सन आदि सुविधा बढ्ने हुन्छ। संघीय शिक्षा ऐनमा नै व्यवस्था गरी उनीहरूलाई स्थायी दरबन्दीमा लैजाने प्रबन्ध गर्न शिक्षा मन्त्रालय "लचिलो" देखिए पनि यसबाट संघीय सरकारलाई थप व्ययभार पर्ने, र शिक्षकको नियुक्ति, व्यवस्थापन, आदिमा थप चुनौती थप्ने बताइन्छ। थप, उनीहरूलाई दरबन्दीमा लैजाने प्रस्तावप्रति अर्थ मन्त्रालयको ठूलै "रिजर्भेशन" देखिन्छ। शिक्षकलाई संघमा नराखी स्थानीय तहको दरबन्दीमा राख्नुपर्ने राय अर्थ मन्त्रालयले दिएको छ (एडु-पत्र २०७९)।[३१] साथै, विभिन्न छिद्रबाट छिरेर शिक्षकमा नियुक्ति पाएका राहत वा अन्य खाले शिक्षकलाई विना प्रतिस्पर्धा सोझै स्थायी दरबन्दीमा लैजाने प्रावधान ऐनमा राख्दा विगतमा जस्तै सार्वजनिक रूपमा विभिन्न पक्षबाट (विद्यार्थी, शिक्षाविद् र मिडिया आदिबाट) आलोचना हुने सम्भावना छ। तसर्थ, शिक्षकका माग सम्बोधन नगरी ऐन ल्याउँदा शिक्षकहरूको विरोध हुने र उनीहरूको माग पूरा गर्न आर्थिक र अन्य जटिलता भएकाले पनि शिक्षा ऐन निर्माणमा जटिलता थपेको हो।

## *निजी शिक्षण संस्थाको "गभर्नेन्स" को मुद्दा*

निजी शिक्षण संस्थाको संख्यात्मक वृद्धिसँगै पछिल्लो समय निजी विद्यालयका सञ्चालकहरू शिक्षा नीति-निर्माणमा झन् झन् प्रभावशाली हुँदै गएका छन्। विशेष गरी राजनीतिक दल र व्यवस्थापिका समेत उनीहरूको पकड बढ्दै गएको छ (भट्ट २०७९)।[३२] आफ्नो स्वार्थ प्रतिकूल हुने कुनै पनि ऐन/नीति/नियम बन्न नदिने, बन्न

[३१] पूर्व शिक्षा मन्त्री देवेन्द्र पौडेलसँग असार ५, २०८० मा गरिएको कुराकानी। असार पहिलो हप्ता, २०७९ मा उच्च शिक्षा तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) का अध्यक्ष रमेश सिलवालले शिक्षकहरूको माग अनुसार "शिक्षा ऐन ल्याउँदा ५३ हजार रिक्त दरबन्दी पदपूर्ति गर्नुपर्नेछ ... [र यसो गर्दा] धेरै खर्च बढ्ने भएपछि [त्यति बेला] अर्थले नै सहमति नदिएर ऐन रोकेको बताएका" थिए (कैनी २०७९)।

[३२] २०४६ सालपछि निजी विद्यालयका सञ्चालकहरूले आफ्नो सांगठनिक हकहित संरक्षणका लागि निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को स्थापना गरे। प्याब्सन स्थापना भएको केही वर्षपछि (२०५४ सालमा) यसैबाट टुक्रिएर राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन-प्याब्सन) जन्मियो। उच्च माध्यमिक तहमा पढाउने निजी शिक्षण संस्थाहरूले आफ्ना हकहित संरक्षणका लागि २०५३ सालमा उच्च

लागेमा बीचैमा रोक्न या हस्तक्षेप गर्न सक्ने सामर्थ्य उनीहरूमा देखिन्छ । पछिल्लो पटक गठन भएको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०७५) सार्वजनिक समेत हुन नसक्नुमा संस्थागत भनिने यिनै निजी विद्यालयसँग आबद्ध व्यक्ति/समूहको भूमिका रहेको भनिन्छ (हेर्नुहोस्, नयाँ पत्रिका २०७७; पौडेल २०७८; पराजुली २०७९) । संस्थागत विद्यालयलाई संक्रमणकालीन व्यवस्थापनका रूपमा गैरनाफामुखी सेवामूलक सामाजिक संस्थाका रूपमा रूपान्तरण गर्ने र निजी शिक्षण संस्थालाई एक दशक भित्रमा एउटै सार्वजनिक गुठीको ढाँचाभित्र ल्याउने नीतिगत सुझाव सो प्रतिवेदनमा परेको थियो (उराशिआ २०७७) । यो प्रावधानप्रति उनीहरूको तीव्र असहमति थियो । यसै कारण उनीहरूले तात्कालिक प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीलाई प्रभावमा पारी सो प्रतिवेदन सार्वजनिक समेत हुन नदिएको बताइन्छ—कार्यान्वयन त परको कुरा भयो (श्याम श्रेष्ठ २०७६; पौडेल २०७८; कैनी २०७९) ।

नयाँ संविधानमा राज्य "समाजवादउन्मुख" भएको, र माध्यमिक तहसम्मको पढाई नि:शुल्क हुने घोषणा गरेपछि शिक्षालाई "व्यापारको वस्तु" को रूपमा स्वीकार गरेर शिक्षा ऐन बनाउन मिल्छ-मिल्दैन भन्ने प्रश्न पनि उठ्छ । त्यसैले देखावटी रूपमै भए पनि विद्यालय शिक्षालाई नाफामुखीभन्दा पनि सेवामुखी हो भन्ने आशय झल्कने शिक्षा ऐन ल्याउन सरकारहरूले चाहेको देखिन्छ । तर, आफ्नो "शैक्षिक व्यापार" लाई नकारात्मक प्रभाव पार्न सक्ने कुनै पनि प्रावधान शिक्षा ऐनमा नपरून् भन्नेमा निजी विद्यालयका सञ्चालकहरू सचेत छन् ।[३३] प्रचलित कम्पनी ऐन अन्तर्गत स्थापना भई सञ्चालन भइरहेका शिक्षण संस्थाहरू निर्विवाद रूपमा चल्न पाउन पर्ने विषयलाई निजी विद्यालयका सञ्चालकहरूले निरन्तर उठाउँदै

शिक्षालय तथा माध्यमिक विद्यालय संघ, नेपाल (हिसान) तथा एसोसिएसन अफ प्राइभेट एजुकेशन इन्टिच्यूसन्स नेपाल (अपिन) नामक संस्था बनाए ।

[३३] लगानीको सुनिश्चितता बाहेक निजी शिक्षण संस्थाका सञ्चालकहरूले संघीय शिक्षा ऐन निजी शिक्षण मैत्री होस भन्नेमा चासो राखेका देखिन्छन् । उदाहरणका लागि, शिक्षा सेवा मूलक क्षेत्र भएकाले उनीहरूले बैंकिङ सुविधा (कृषिमा झैँ कम ब्याजदरमा कर्जा सुविधा) र निजी शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीले समेत उच्च शिक्षामा सामुदायिक विद्यालयमा पढे सरह छात्रवृत्ति पाउनु पर्ने भन्दै लबिङ गरिरहेका छन् । पूर्व शिक्षा मन्त्री देवेन्द्र पौडेलसँग असार ५, २०८० मा गरिएको कुराकानी ।

आएका छन् (गौतम २०७८) । उदाहरणका लागि, चैत ९-१०, २०७८ मा निजी विद्यालयहरूको संगठन प्याब्सनको पन्ध्रौँ राष्ट्रिय महाधिवेशनले १३ ओटा निर्णय गरेको थियो, जसको पहिलो बुँदामा शिक्षामा निजी लगानीको सुरक्षाको विषय छ । "निजी लगानीबाट सञ्चालित विद्यालयहरूलाई सरकारले राष्ट्रिय परीक्षा पाठ्यक्रम एवं अनुगमन बाहेक सञ्चालनमा पूर्ण स्वायत्तता" पाउनुपर्ने उनीहरूको माग छ ।[३४] शिक्षक र तिनका संगठन जस्तै गरी निजी शिक्षाका लगानीकर्ताहरू मुखर रूपमा प्रस्तुत नभए पनि माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारको क्षेत्राधिकार राख्ने संवैधानिक प्रावधानप्रति उनीहरू पनि सन्तुष्ट छैनन् । "बिना तयारी विद्यालय तहको शिक्षा स्थानीय तहलाई हस्तान्तरण गर्दा फलदायी नभएको" प्याब्सनको ठहर छ (एडुखबर २०७९; शिलापत्र २०७८) ।

पछिल्लो समय गोप्य रूपमा तयार गरिएको भनिएको विधेयकको मस्यौदामा "यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रचलित कम्पनी कानून बमोजिम स्थापना भएका विद्यालय सार्वजनिक वा निजी गुठीको रूपमा र निजी गुठीको रूपमा स्थापना भई सञ्चालनमा रहेका विद्यालयलाई सार्वजनिक शैक्षिक गुठीको रूपमा रूपान्तरण गरी सञ्चालन गर्न सकिनेछ" भनिएको छ ।[३५] "गरिने छ" नलेखी "गर्न सकिनेछ" भनेर उल्लेख गरिएकोले प्रमुख दल र तिनका नेता तथा सरकार र राष्ट्र प्रमुखसम्म पहुँच पुऱ्याएका नाफामुखी विद्यालयहरूको स्वार्थमा यो ऐनले धक्का दिने छैन । थप, यो विधेयक यही रूपमा कार्यान्वयनमा गए यसले संस्थागत विद्यालयलाई सार्वजनिकमा रूपान्तरण गर्ने भन्दा पनि सार्वजनिक विद्यालयलाई निजी गुठीमा रूपान्तरण गर्ने बाटो खोल्ने देखिन्छ ।

सार्वजनिक रूपमा प्रस्ट नभने पनि निजी शिक्षण संस्थाका लगानीकर्तालाई यथास्थिति नै प्यारो छ । उनीहरू या त आफ्नो पक्षमा हुने गरी विधेयक आओस्, कानून बनोस् भन्ने चाहन्छन्, अन्यथा हालकै स्थिति कायम रहनुमा उनीहरूले फाइदा देखेका छन् । यथास्थिति कायम रहँदा सार्वजनिक शिक्षा थप गिजोलिने

[३४] चैत ९-१०, २०७८ मा प्याब्सनको को १५ औँ राष्ट्रिय महाधिवेशनले शिक्षा ऐनमा समावेश गर्न अगाडि सारेका १३ बुँदे मागका बुँदा १ र १० । यो विज्ञप्ति https://shilapatra.com/detail/80986 मा उपलब्ध छ । वैशाख २९, २०८० मा हेरिएको ।

[३५] विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७९ को ४ (३) ।

र त्यसले आफूहरूलाई नै फाइदा हुने उनीहरूले देखेका छन् । त्यसैले, (संघीय) शिक्षा ऐन ल्याइहाल्नु पर्ने हतारो अरू सरोकारवालालाई जस्तो उनीहरूलाई छैन।[३६] यदि ल्याउने नै हो भने धेरै हल्लाखल्ला गर्ने भन्दा पनि राजनीतिक दलका प्रमुख नेतृत्वसँग सीधै छलफल गरेर आफू अनुकूल शिक्षा ऐन ल्याउने रणनीतिमा उनीहरू देखिन्छन् ।

## निष्कर्ष

नेपालको संविधान, २०७२ को भावनालाई मूर्तरूप दिने हो भने सोअनुरूपको खास गरी विद्यालय शिक्षा सम्बन्धी एउटा "फ्रेमवर्क" कानून संघीय तहमा निर्माण गरिनु वाञ्छनीय देखिन्छ। यस मार्फत संविधानको अनुसूची-८ मा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकार राखी व्यवस्थित गर्न सकिन्छ। संविधान अनुकूल हुने गरी शिक्षा ऐन समयमै बन्न नसक्दा विद्यालय शिक्षा सम्बन्धी संवैधानिक अधिकार क्रियान्वयन गर्ने क्रममा केही गम्भीर समस्या देखिएका छन् । २०७४ सालपछि गठित हरेक सरकारका शिक्षा मन्त्रीले संघीय शिक्षा ऐन ल्याउने विषय आफ्नो प्राथमिकता परेको बताए तापनि अहिलेसम्म सो आउन नसक्नुका केही प्रमुख कारण माथि केलाइयो ।

विद्यालय शिक्षाको व्यवस्थापनबारे सरोकारवाला माझको असहमतिले शिक्षा ऐन निर्माणमा ढिलाइ भइरहेको छ । विद्यालयका शिक्षकको नियुक्ति एवं व्यवस्थापन सम्बन्धी अधिकार संघमा रहने कि स्थानीय सरकारमा भन्ने विषय अहिलेको सबैभन्दा पेचिलो मुद्दा हो। पहिले आपसमा खासै राम्रो मिल्ती नभएका विद्यालय शिक्षामा दुई महत्त्वपूर्ण सरोकारवाला निकाय अर्थात् शिक्षाका कर्मचारी र शिक्षकहरू अहिले विद्यालय शिक्षा सञ्चालन/प्रबन्धनको अधिकार स्थानीय

[३६] आमसञ्चार माध्यममा प्रकाशित सामग्री अध्ययन गर्दा निजी शिक्षण संस्थाका लगानीकर्ताहरू प्रस्तावित संघीय शिक्षा ऐन बारेमा खासै बोलेको देखिन्न । अध्ययनक्रममा केही उत्तरदाताले यो बुँदा बारम्बार उठाएका थिए । प्याब्सनका एक पदाधिकारीले संघीय शिक्षा ऐन ल्याउने काम सरकार र व्यवस्थापिकाको हो; त्यसैले ऐन ल्याउँदा सबैलाई न्याय हुने किसिमले ल्याउनु पर्ने बताएका थिए । शिक्षामा निजी क्षेत्रको अरबौँ-अरब लगानी छ, लगानी गरेपछि नाफा नकमाऊ भन्न नमिल्ले भन्ने उनको भनाइ थियो । वैशाख २०, २०८० मा गरिएको टेलिफोन कुराकानी ।

सरकारबाट झिकेर पुरानै व्यवस्था अनुरूप जिल्ला/संघमै राख्न उद्यत छन् । उनीहरूले खोजेजस्तो पुरानै व्यवस्था कायम राख्न ऐनबाट मात्र सम्भव छैन; त्यसका लागि संविधान नै संशोधन हुनुपर्छ । संविधानले दिएको कुरा कानून बनाएर खोस्न मिल्दैन । र, शिक्षक-कर्मचारीको प्रयासको विरुद्ध गाउँपालिका तथा नगरपालिकाका संघहरू पनि ऐक्यबद्ध छन्, तर उनीहरू त्यति सक्रिय देखिन्नन् ।

शिक्षा ऐन ल्याउनमा शिक्षा मन्त्रालयका उपल्ला तहका अधिकारी, राजनीतिक दल, व्यवस्थापिकाका सदस्यहरूमा जुन तहको अग्रसरता हुनुपर्ने थियो, त्यो भएन । नेपालमा शिक्षक संघ-संगठन देशैभरि सञ्जाल फैलाएका, राजनीतिक दलसँग कुनै न कुनै रूपमा सम्बन्ध स्थापना गरेका र खास राजनीतिक दर्शनमा प्रशिक्षित प्रभावशाली समूह हुन् ।[३७] त्यसै गरी, निजी विद्यालयका सञ्चालकहरूले राज्यशक्तिलाई नै चुनौती दिने हैसियत निर्माण गरिसकेका छन् (भट्ट २०७९) । संविधानको मर्म अनुरूप शिक्षा ऐन ल्याउनका लागि विधायकहरू मूलतः शिक्षक संघ-संगठन र निजी शिक्षण संस्थाको स्वार्थ विपरीत अडिग हुनुपर्छ । तर, शिक्षक संघ-संगठन र शिक्षा-व्यापारी "बिच्कने गरी" नेपालमा कुनै पनि राजनीतिक दल शिक्षा ऐन ल्याउन चाहँदैनन् ।

विद्यालय शिक्षामा सरोकारवालामाझ देखिएका मूलभूत असमझदारीलाई सल्ट्याउन संघीय सरकार (शिक्षा मन्त्रालय) ले नेतृत्व लिई प्रमुख राजनीतिक दल सहमतिमा विद्यालय शिक्षामा प्रत्यक्ष सरोकार राख्ने पक्षमाझ सहजीकरण गर्न आवश्यक थियो । तर, त्यसको विपरीत शिक्षा मन्त्रालय तथा सो मन्त्रालय सम्बद्ध कर्मचारीतन्त्रले संविधानको मर्म विपरीत नीति-नियम बनाउने, सहमति/सम्झौता गर्ने, र अनावश्यक निर्देशन दिने गरेको देखिन्छन् । पछिल्लो समय शिक्षा मन्त्रालयले शिक्षा ऐनका विधेयक समेत गोप्य राख्ने र समग्र ऐन निर्माण प्रक्रियामा सरोकारवालाको भूमिकालाई उपेक्षा गरी "ब्यूरोक्रेटिक संयन्त्र" मा सीमित गर्ने प्रयत्न गरेको देखिएको छ । यो लोकतान्त्रिक मूल्य-मान्यताभन्दा परको कुरा हो ।

आफ्ना पूर्ववर्तीहरूले झैँ वर्तमान सरकार र तालुकवाला मन्त्रीले चालू अधिवेशनमा शिक्षा ऐन ल्याउने प्रतिबद्धता दोहोऱ्याए पनि मुख्य दलको सहमति

[३७] २०४६ सालपछि विद्यालय शिक्षा सम्बन्धी नीति-निर्माण प्रक्रिया शिक्षक संघ-संगठनको भूमिकाबारे उप्रेती (२०७७) हेर्नुहोस् ।

र राजनीतिक नेतृत्वको प्राथमिकतामा नपरेसम्म शिक्षा ऐन आउन सहज छैन । न सरोकारवालालाई बाहिर राखेर ऐन निर्माण गर्नु वाञ्छनीय हुन्छ । पहिले नै गिजोलिएको शिक्षा क्षेत्रलाई यसले झन् गिजोलेर जटिलता मात्रै थप्नेछ । शिक्षामा यथास्थिति कायम रहनु या थप गिजोलिनु भनेको शिक्षा-ब्यापारलाई मलजल गर्नु हो ।

## धन्यवाद

यो शोध-संक्षेप मार्टिन चौतारीका अनुसन्धाता देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुलीले तयार पार्नु भएको हो । शोध संक्षेप तयार गर्ने क्रममा आ-आफ्ना विचार राखेर सहयोग गर्नुहुने नेपाल शिक्षक महासंघका अध्यक्ष कमला तुलाधर, महासचिव लक्ष्मीकिशोर सुवेदी, नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष विष्णु प्रसाद भण्डारी, गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष लक्ष्मी पाण्डे, नगरपालिका संघका अध्यक्ष भीम प्रसाद ढुंगाना र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशनका पदाधिकारीप्रति विशेष धन्यवाद छ । संघीय शिक्षा ऐनका विभिन्न पक्षबारे हाम्रो अनुरोधलाई स्वीकार गरी कुराकानीका लागि समय उपलब्ध गराइदिनुहुने पूर्व शिक्षा मन्त्री देवेन्द्र पौडेल, कानूनविद् राधेश्याम अधिकारी, नेपाल कानून आयोगका पूर्वअध्यक्ष माधव प्रसाद पौडेल र शिक्षाविद् विद्यानाथ कोइरालाप्रति आभारी छौँ । मस्यौदा तयारीका क्रममा प्रस्तावित संघीय शिक्षा ऐनबारे जानकारी, सहयोग र सुझाव दिनुहुने पत्रकारद्वय सुदीप कैनी र भगीरथी पण्डितलाई धन्यवाद दिन चाहन्छौँ । मार्टिन चौतारी र नेपाल मधेश फाउण्डेशनले जेठ ३०, २०८० मा मार्टिन चौतारीमा आयोजना गरेको छलफल कार्यक्रममा यो शोध संक्षेपको मस्यौदा प्रस्तुत गरिएको थियो; सो कार्यक्रममा उपस्थित भई सुझाव/टिप्पणी दिनु हुने सबैप्रति कृतज्ञ छौँ । अनुसन्धानका चरणका सहयोग गर्नुहुने मार्टिन चौतारीका अनुसन्धाता र कर्मचारीलाई धन्यवाद छ । यो अनुसन्धान र प्रकाशनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिने ओपन सोसाइटी फाउण्डेशनप्रति आभारी छौँ ।

## सन्दर्भ सामग्री

अनलाइनखबर। २०७८। संघीय शिक्षा ऐन ल्याउन शिक्षक महासंघको माग। भदौ २७ । www.onlinekhabar.com/2021/09/1012484 मा उपलब्ध; वैशाख १३, २०८० मा हेरिएको।

अनलाइनखबर। २०७९।। संघीय शिक्षा ऐन तत्काल संसद्मा पेश गर्न सरकारलाई गगन थापाको दबाब । फागुन ५ । www.onlinekhabar.com/2023/02/1264684 मा उपलब्ध; वैशाख २५, २०८० मा हेरिएको।

अन्नपूर्ण।२०७८। संघीय शिक्षा ऐन यथाशिघ्र ल्याउन संसदीय समितिको निर्देशन। असार ७ । https://annapurnapost.com/story/206802/ मा उपलब्ध; वैशाख २२, २०८० मा हेरिएको।

अर्थ मन्त्रालय। २०८०। *आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य*। काठमाडौँ : नेपाल सरकार।

आर्थिक दैनिक। २०७९। संघीय शिक्षा ऐनको मस्यौदा हेर्न नपाएको गुनासो। भदौ ६ । www.aarthikdainik.com/nepal/69769/ मा उपलब्ध; वैशाख २२, २०८० मा हेरिएको।

आले, चन्द्रबहादुर। २०८०। संसद् भवन अगाडि प्रदर्शन गर्ने नेविसंघका १२ जना पक्राउ। *अनलाइनखबर*, जेठ ३१। www.onlinekhabar.com/2023/06/1322025 मा उपलब्ध; असार १, २०८० मा हेरिएको।

उप्रेती, देवेन्द्र। २०७७। विद्यालय शिक्षा सम्बन्धी नीति निर्माण प्रक्रियामा पेसागत संघ-संगठनको प्रभाव । *लोकतन्त्रमा नागरिक समाज: २५ वर्षको समीक्षा* । हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ३८९–४१८। काठमाडौँ : मार्टिन चौतारी।

उराशिआ (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग) । २०७७ । *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ : प्रतिवेदन* । काठमाडौँ : शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)।

एडुखबर । २०७४ । स्थानीय सरकारका नीति नियम नमान्ने शिक्षक महासंघको 'धम्की' । पुस १० । www.edukhabar.com/news/11043 मा उपलब्ध; वैशाख २५, २०८० मा हेरिएको।

एडुखबर। २०७५क। शिक्षा मन्त्रालय भन्छ – विधेयकबाट समाधान, राहत शिक्षक भन्छन् – अहिल्यै लिखित ! भदौ २६ । www.edukhabar.com/news/12409 मा उपलब्ध; वैशाख २४, २०८० मा हेरिएको।

एडुखबर। २०७५ख। कार्यदलको सुझाव : राहत शिक्षकलाई दरबन्दी। असोज ४। www.edukhabar.com/news/12452 मा उपलब्ध; वैशाख २५, २०८० मा हेरिएको।

एडुखबर। २०७८। शिक्षा मन्त्रीको 'प्रतिगामी' दस्तखत। फागुन ११। www.edukhabar.com/news/15320 मा उपलब्ध; वैशाख २५, २०८० मा हेरिएको।

एडुखबर। २०७९क। आफ्नै काममा विश्वास नहुँदा शिक्षा ऐन गोप्य ! असोज ६। www.edukhabar.com/news/15384 मा उपलब्ध; वैशाख २३, २०८० मा हेरिएको।

एडु-पत्र। २०७९। शिक्षकका सेवा-सुविधाप्रति अर्थ मन्त्रालयको असहमति। भदौ १० । https://edupatra.com/news/disagreement-of-the-ministry-of-finance-towards-teachers-and-39-services-and-facilities/ मा उपलब्ध; वैशाख २८, २०८० मा हेरिएको।

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय। २०७३। *नेपालको संविधान कार्यन्वयन गर्न निर्माण गर्नु पर्ने कानूनको पहिचान, प्राथमिकीकरण र कानून निर्माणको विद्यमान अवस्था।* काठमाडौँ : कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय।

कान्तिपुर। २०७५क। शिक्षक आन्दोलनमा। मंसिर १। www.kantipurdaily.com/pradesh-6/2018/11/17/15424311497069115.html मा उपलब्ध; वैशाख १३, २०८० मा हेरिएको।

कान्तिपुर। २०७५ख। स्थायी माग्दै राहत शिक्षकको प्रदर्शन। फागुन २०। https://ekantipur.com/news/2019/03/04/155170735241076194.html मा उपलब्ध; वैशाख २२, २०८० मा हेरिएको।

कान्तिपुर। २०७८क। संघीय शिक्षा ऐन ल्याउने तयारी। पुस १२। https://ekantipur.com/news/2021/12/27/164056907906757065.html मा उपलब्ध; वैशाख १५, २०८० मा हेरिएको।

कान्तिपुर। २०७८ख। शिक्षामा पालिकाको अधिकार नखोस्न माग। फागुन २४। https://ekantipur.com/news/2022/03/08/16467067519187652.html मा उपलब्ध; वैशाख २३, २०८० मा हेरिएको।

कान्तिपुर। २०७९। संघीयता कार्यान्वयनसँग जोडिएका ऐन तत्काल ल्याउन माग। चैत २३। https://ekantipur.com/news/2023/04/06/16807826283653842.html मा उपलब्ध; वैशाख २२, २०८० मा हेरिएको।

काफ्ले, कौशल।२०७८। शिक्षा ऐन जारी गर्न निजी विद्यालय बाधक, ओलीले नै लुकाएका थिए आयोगको प्रतिवेदन। माघ १९। https://shilapatra.com/detail/76656 मा उपलब्ध; वैशाख २३, २०८० मा हेरिएको।

कैनी, सुदीप। २०७६। शिक्षा ऐनमा कानून मन्त्रालयको असहमति। *कान्तिपुर*, साउन १५। https://ekantipur.com/news/2019/07/31/15645842482555883.html मा उपलब्ध; वैशाख २८, २०८० मा हेरिएको।

कैनी, सुदीप। २०७८। शिक्षामा बेवास्ता : मन्त्री न ऐन। *कान्तिपुर*, असोज ५। https://ekantipur.com/news/2021/09/21/163218711327289461.html मा उपलब्ध; वैशाख १५, २०८० मा हेरिएको।

कैनी, सुदीप। २०७९। मन्त्रीपिच्छे मस्यौदा तर बन्दैन शिक्षा ऐन। *कान्तिपुर*, असार ७। https://ekantipur.com/news/2022/06/21/16557731674728486.html मा उपलब्ध; वैशाख २२, २०८० मा हेरिएको।

कैनी, सुदीप। २०८०। ८ वर्ष ८ शिक्षा मन्त्री, बनेन शिक्षा ऐन। *कान्तिपुर*, वैशाख १३। https://ekantipur.com/news/2023/04/26/168247767697977410.html मा उपलब्ध; वैशाख १५, २०८० मा हेरिएको।

खबर एजुकेसन। २०८०। शिक्षकका माग र मुद्दाहरू अबिलम्ब सम्बोधन गर्न नेपाल शिक्षक सघंको माग। वैशाख २१। https://khabareducation.com/16041/ मा उपलब्ध; वैशाख २२, २०८० मा हेरिएको।

गौतम, दिनेश। २०७८। 'निजी विद्यालयलाई बन्देज लगाइए स्वामित्वरक्षाका लागि लड्छौँ'। *शिलापत्र*, चैत ८। https://shilapatra.com/detail/80322 मा उपलब्ध; वैशाख २९, २०८० मा हेरिएको।

डीआरसीएन (डेमोक्रेसी रिसोर्स सेन्टर, नेपाल) । २०७६ । *विद्यालय शिक्षा र स्थानीय सरकार : अध्ययन प्रतिवेदन* । डीआरसीएन आवधिक प्रतिवेदन-७ । ललितपुर : डीआरसीएन ।

थापा, ममता । २०७९ । कहिले आउँछ संघीय शिक्षा ऐन ? *अन्नपूर्ण पोस्ट*, चैत ६ । https://annapurnapost.com/story/428359/ मा उपलब्ध; वैशाख २२, २०८० मा हेरिएको ।

धामी, कृष्णसिंह । २०७८ । संघीयता लागु भएको ६ वर्ष भयो, अझै आएन संघीय शिक्षा ऐन । *फरकधार*, पुस १८ । https://www.farakdhar.com/story/71713/ मा उपलब्ध; असोज ५, २०७९ मा हेरिएको ।

नयाँ पत्रिका । २०७४ । संघीय शिक्षा ऐनको तयारी । असार १४, पृ. २ ।

नयाँ पत्रिका । २०७७ । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन सरकारले रोकेपछि आयोग सदस्यले नै गरे सार्वजनिक । *नयाँ पत्रिका*, मंसिर २० । https://nayapatrikadaily.com/news-details/55974/2020-12-05 मा उपलब्ध; वैशाख २६, २०८० मा हेरिएको ।

नयाँ पत्रिका । २०८० । संघीय शिक्षा ऐन चालू अधिवेशनमै संसद्मा प्रस्तुत हुन्छ : मन्त्री राई । *नयाँ पत्रिका*, वैशाख २९ । https://nayapatrikadaily.com/news-details/114382/2023-05-12 मा उपलब्ध; जेठ १, २०८० मा हेरिएको ।

नेपाल सरकार । २०७२ । *नेपालको संविधान* । काठमाडौँ : नेपाल सरकार ।

नेपाल सरकार । २०७४ । *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* । काठमाडौँ : नेपाल सरकार ।

नेपाल सरकार । २०७६ । *राष्ट्रिय शिक्षा नीति, २०७६* । काठमाडौँ : विज्ञान, शिक्षा तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार । २०७९ । *नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८०* । काठमाडौँ : नेपाल सरकार ।

नेपाल सरकार । २०८० । *नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१* । काठमाडौँ : नेपाल सरकार ।

पण्डित, भगीरथी । २०८० । संघीय शिक्षा ऐनमा अधिकार खोजिदैछ कि स्वार्थ ? *शिक्षक*, जेठ ३१ । https://shikshakmasik.com/4017/संघीय-शिक्षा-

ऐनमा-अधिकार-खोजिदैछ-कि-स्वार्थ? मा उपलब्ध; असार ६, २०८० मा हेरिएको ।

पराजुली, लोकरञ्जन । २०७९ । बिचौलियाको मुठीमा शिक्षा । *हिमालखबर,* साउन १५ । https://www.himalkhabar.com/news/131441 मा उपलब्ध; वैशाख २६, २०८० मा हेरिएको ।

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र रुख गुरुङ । २०७६ । संघीय नेपालमा स्थानीय सरकार र विद्यालय शिक्षा । *समाज अध्ययन* १४ : ८३–११८ ।

पोखरेल, मुकेश । २०७६ । विद्यालय शिक्षामा संघीय सरकारको अंकुश । *खोज पत्रकारिता केन्द्र* , माघ १६ । https://cijnepal.org.np/cij-education/ मा उपलब्ध; वैशाख २०, २०८० मा हेरिएको ।

पोखरेल, सञ्जय कुमार । २०७९ । संविधान बनाउन सजिलो तर शिक्षा ऐन ल्याउन महाभारत ! *शिक्षक*, फागुन १० । https://www.shikshakmasik.com/4010/संविधान-बनाउन-सजिलो-तर-शिक्षा-ऐन-ल्याउन-महाभारत-! मा उपलब्ध; असार १७, २०८० मा हेरिएको ।

पौडेल, कृष्ण प्रसाद । २०७८ । बिचौलियाको चंगुलमा नेपालको नीति-निर्माण : उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको अनुभव । *समाज अध्ययन* ११ : १८५–२१० ।

पौडेल, सन्जु । २०८० । सरोकारवालाको गुनासो शिक्षा ऐन नहुँदा समस्या । *कान्तिपुर*, वैशाख ४ । https://ekantipur.com/pradesh-5/2023/04/17/168169716766874183.html मा उपलब्ध; वैशाख २३, २०८० मा हेरिएको ।

भट्ट, प्रमोद । २०७९ । नेपाली राज्य र विद्यालय शिक्षाको निजीकरण । *विद्यालय शिक्षाका वित्तीय आयाम* । लोकरञ्जन पराजुली, देवेन्द्र उप्रेती र प्रत्यूष वन्त, सं., पृ. ३१–५६ । काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७६क । *संघीयता र विद्यालय शिक्षा* । शोध-संक्षेप २४ । काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७६ख । *संघीयता व्यवस्थामा स्थानीय सरकार र विद्यालय शिक्षा* । शोध-संक्षेप २८ । काठमाडौँ : मार्टिन चौतारी ।

मिश्र, राजेश । २०७५ । शिक्षा कानूनमा केन्द्रको अंकुश । *कान्तिपुर*, पुस १५, पृ. ३ ।

रातोपाटी । २०७९ । संघीय शिक्षा ऐन ल्याउनै लाग्दा शिक्षकहरूले किन दिए आन्दोलन गर्ने चेतावनी ? *रातोपाटी*, भदौ २ । www.ratopati.com/story/263117 मा उपलब्ध; वैशाख २३, २०८० मा हेरिएको ।

वली, प्रशान्त । २०७९ । कहाँ अड्कियो संघीय शिक्षा ऐन ? *अन्नपूर्ण पोस्ट*, असार ७ । https://annapurnapost.com/story/206827/ मा उपलब्ध; वैशाख २३, २०८० मा हेरिएको ।

विवेक, विष्णु । २०८० । कहाँ किन रोकियो संघीय शिक्षा ऐन ? *इकागज*, वैशाख १५ । https://ekagaj.com/article/education/137434/ मा उपलब्ध; जेठ २५, २०८० मा हेरिएको ।

विश्वकर्मा, बाबुराम । २०७५ । आन्दोलन गर्‍यो, जागिर खायो ! *नेपाल*, कात्तिक २५, https://nepalmag.com.np/education/2018/11/11/20181111142846 मा उपलब्ध; वैशाख २५, २०८० मा हेरिएको ।

शर्मा, लक्ष्मण । सन् २०१७ । संघीयतामा शिक्षक व्यवस्थापन : शिक्षक महासंघको दृष्टिकोण । अप्रकाशित कार्यपत्र, नेपाल राष्ट्रिय शिक्षक संगठन, ललितपुर ।

शिदपुसुका (शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल) । २०७५ । *शिक्षक दरबन्दी पुनर्वितरणसम्बन्धी प्रतिवेदन २०७५* । काठमाडौँ : शिदपुसुका ।

शिलापत्र । २०७८ । प्याब्सनले माग्यो निजी विद्यालय सञ्चालनमा पूर्ण स्वायत्तता, १३ बुँदामा के छ ? । चैत १७, https://shilapatra.com/detail/80986 मा उपलब्ध; वैशाख २९, २०८० मा हेरिएको ।

श्रेष्ठ, मकर । २०७६ । सिंहदरबारको शिक्षा शिक्षा मोह ! दिनै चाहेन स्थानीय तहलाई । *शिक्षक*, असोज १ । https://www.shikshakmasik.com/3833/सिंहदरबारको-शिक्षा-मोह-!-दिनै-चाहेन-स्थानीय-तहलाई मा उपलब्ध, वैशाख १७, २०८० मा हेरिएको ।

श्रेष्ठ, श्याम । २०७६ । सिरानीमुनि लुकाइएको आयोगको प्रतिवेदन । *शिक्षक* १२(१३४) : ३२–३६ ।

सुवेदी, लक्ष्मीकिशोर । २०७९ । शिक्षक महासंघले सरकारसँग गरेको सम्झौता संविधान विरोधी हो ? *सेतोपाटी*, वैशाख ११ । www.setopati.com/blog/268608 मा उपलब्ध, वैशाख १७, २०८० मा हेरिएको ।

सेतोपाटी । २०७५ । राहत शिक्षकलाई स्थायी प्रक्रियामा लैजान मन्त्रालय तयार, आन्दोलन फिर्ता । फागुन २३ । www.setopati.com/politics/176645 मा उपलब्ध; वैशाख २७, २०८० मा हेरिएको ।

सेतोपाटी । २०८० । सरकारले आवश्यक चासो नदिँदा संघीय शिक्षा ऐन बन्न सकेन : सचिव सुवेदी । वैशाख २९ । www.setopati.com/politics/301905 मा उपलब्ध; वैशाख ३०, २०८० मा हेरिएको ।

Ghimire, Binod. 2022a. Official Raises Some Hackles by Saying Local Units are Unfit to Handle School Education. *The Kathmandu Post*, June 30. Available at https://kathmandupost.com/national/2022/06/30/official-raises-some-hackles-by-saying-local-units-are-unfit-to-handle-school-education; accessed May 2, 2023.

Ghimire, Binod. 2022b. Seven Years since Constitution Promulgation Local Governments Await Federal Education Act. *The Kathmandu Post,* August 19. Available at https://kathmandupost.com/national/2022/08/19/local-units-fear-their-first-term-may-pass-without-federal-education-law; accessed May 5, 2023.

सार्वजनिक संवाद र सार्वजनिक बहसको गुणस्तर उकास्नु मार्टिन चौतारीको शुरू देखिकै उद्देश्य हो । नेपालमा बहस र अन्तर्क्रियाको अभ्यास निकै कम हुने बेलामा स्थापित मार्टिन चौतारी अहिले पनि अनौपचारिक तर गहन सार्वजनिक छलफल गर्ने थलोका रूपमा देशभर परिचित छ । यहाँ सातामा दुई दिन विविध विषयमा छलफल हुन्छ । यस बाहेक सत्ता संरचनामा आइरहेको परिवर्तन, ज्ञान उत्पादनका स्थल र संस्थाका चरित्र र गतिविधि, र नेपाली समाजमा भइरहेको भौतिक रूपान्तरणका विभिन्न आयाम जस्ता विषयमा गणतान्त्रिक बहुलताको सन्दर्भमा र लैंगिक, भौगोलिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोण सहित चौतारीले अनुसन्धान गर्दै आएको छ । युवा अनुसन्धातालाई अनुसन्धानको व्यावहारिक प्रशिक्षण दिने काम (मेन्टरिङ) पनि चौतारीको अभिन्न पाटो हो ।

अहिलेसम्म चौतारीले ११२ ओटा पुस्तक, ८८ ओटा सन्दर्भ सूची, ३७ ओटा शोध-संक्षेप/नीति-पत्र तथा विभिन्न अनुसन्धान प्रतिवेदन प्रकाशन गरिसकेको छ । सन् १९९६ देखि निरन्तर प्रकाशन हुँदै आइरहेको जर्नल *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र सन् २००६ देखि प्रकाशन हुन थालेको *मिडिया अध्ययन* (सन् २०१६ देखि *समाज अध्ययन* नामकरण गरिएको) को सम्पादकीय गृह पनि चौतारी हो । सन् २००६ देखि मार्टिन चौतारीले अनुसन्धान पुस्तकालय र मिडिया डकुमेन्टेशन सेन्टर सार्वजनिक उपयोगका लागि खुला गरेको छ । पुस्तकालयमा २५ हजारभन्दा बढी पुस्तक छन् ।

मार्टिन चौतारीका पाँच काम—छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय—आपसमा अन्तरसम्बन्धित छन् । समष्टिमा यिनले सुसूचित संवाद र विश्लेषणमूलक अनुसन्धानमार्फत राज्य र नागरिक बीचको सामाजिक सम्बन्धलाई सबल पार्ने र समावेशी सार्वजनिक वृत्त विस्तार गर्ने चौतारीको मुख्य उद्देश्यलाई सघाइरहेका छन् ।

**From**
Martin Chautari
27 Jeetjung Marg,Thapathali
GPO Box 13470
Kathmandu, Nepal
Tel: +977-1-4102027/5338050
Fax: +977-1-5340059
chautari@mos.com.np
www.martinchautari.org.np